एमालेलाई स्पष्ट बहुमत ल्याउन... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २७ • अंक ६ • २०८२ साल जेठ १२ गते सोमबार (26 May, Monday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।–

## बृहत्तरका अध्यक्ष साहविरुद्ध पक्राउ पुर्जी जारी

**टुडे समाचारदाता**

जनकपुरधाम । बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साहविरुद्ध पक्राउ पुर्जी जारी भएको छ।



अध्यक्ष साहले बृहत्तरका कार्यकारी निर्देशक बैजनाथ पासमानको किर्ते हस्ताक्षर गरेको अभियोगमा प्रहरीले धनुषा जिल्ला अदालतबाट पक्राउ पुर्जी लिएको छ।

अध्यक्ष साहले कार्यकारी निर्देशक पासमानको हस्ताक्षर गरी बृहत्तरका केही कर्मचारीलाई हटाइएको पत्र उच्च अदालतमा पेश गरेका थिए। तर सो हस्ताक्षर आफ्नो नभएको उल्लेख गर्दै पासमानले अदालत र प्रहरीमा निवेदन दिएका थिए।

पासमानको निवेदनको आधारमा विधि विज्ञान प्रयोगशालाबाट हस्ताक्षर जाँच हुँदा साहले किर्ते जालसाजी गरेको ठहर भएको धनुषा प्रहरी स्रोतले जनाएको छ। स्रोतका अनुसार अध्यक्ष साह विरुद्ध किर्ते जालजासी मुद्दा दर्ता भएको र सो क्रममा पक्राउ पुर्जी लिएको हो।

बृहत्तर अध्यक्ष भएदेखि अध्यक्ष साह विवादमा छन् । केही कर्मचारीहरुमाथि उनले अनेक मुद्दा गरेका छन् । डेढ वर्षदेखि कर्मचारीहरुको तलब रोक्का गरेका छन् । कार्यलयमा कुनै काम हुन दिएको छैन।

बृहत्तरका कर्मचारीहरुसित अध्यक्ष साहको विषयमा जानकारी माग्दा केही समयदेखि कार्यालय नआएको बताइएको छ । उनको मोबाइल फोनको स्वीच अफ गरिएको छ। सार्वजनिक कार्यक्रमहरुमा उनी देखा परेका छैनन्।

सरल र सहज स्वभावका कार्यालय प्रमुख पासमानलाई अध्यक्ष साहले अनेक धाकधम्की दिने गरेको र गैरकानुनी कामका लागि दबाब दिने गरेको आरोप पनि साहमाथि लागेको छ । साहमाथि एकजना कर्मचारीले सापटी लिएको १ लाख रुपैया समेत फिर्ता नगरेको उजुरी जिल्ला प्रशासन कार्यालय धनुषामा दिएका छन् ।

अध्यक्ष साहले मारुती भ्यानको नम्बर भारतीय टाटा सुमो जिपमा हालेर चढने गरेको खुलेपछि प्रहरीले सो जिप नियन्त्रणमा लिएको छ । जिपको नम्बर किर्ते गर्ने साहमाथि हाल सम्म कारबाही नगरिएको प्रहरीमाथि आरोप लागेको छ । भारतीय नम्बरको टाटा सुमो जिपमा साहले मारुती भ्यानको नेपाली नम्बर लगाएर चलाइरहेका थिए । सो जिप प्रहरीले बरामदगरि जिल्ला प्रहरी कार्यालय परिसरमा राखेको छ।तर कारवाही गरिएको छैन।

साह उपर किर्ते जालसाजीको मुद्दा परेपछि नेकपा एकीकृत समाजवादी छाडेर नेकपा एमालेमा प्रवेश गरेका थिए । उनी विरुद्ध पक्राउ पुर्जी जारी भएपछि मोबाइल फोन बन्द गरी सम्पर्क बिहीन भएको बताइएको छ । धनुषा प्रहरीले उनलाई खोजीको सूचीमा राखेको छ।

किर्ते जालसाजी मुद्दामा अनुसन्धानको हदम्याद दुई वर्षसम्म हुने बताइएको छ।

### प्रधानमन्त्रीबाट शिलान्यास गराउने योजना विफल

## निर्वाचन क्षेत्रको कालोपत्रे सांसदले आफै शिलान्यास गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको ६४ वटा प्रदेश निर्वाचन क्षेत्रमा कालोपत्रे गर्ने कार्यक्रमको शिलान्यास प्रधानमन्त्री केपी शर्मा ओलीबाट गराउने योजना विफल भएको छ।

योजना बिक्री गर्ने, योजना टुक्रयाउने लगायतका अनेक आरोपमा मुछिएका भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले एमाले अध्यक्ष समेत रहेका प्रधानमन्त्री ओलीलाई रिझाउन एकै दिन उनकै हातबाट सबै सडकको शिलान्यास गराउने प्रयास गरेका थिए।

तर प्रदेशका सांसदहरुले त्यसको विरोध गर्दै आ-आफ्नो निर्वाचन क्षेत्रमा संयुक्त रुपमा सडक शिलान्यास गर्ने बताएका छन्।

प्रदेश सरकारले विगतदेखि नै हरेक आर्थिक वर्ष हरेक निर्वाचन क्षेत्रमा कम्तीमा ५ किलोमिटर सडक अनिवार्य रुपमा कालोपत्रे गर्दै आएको छ।

चालु आर्थिक वर्षको अन्तिम तिर सडक कालोपत्रे गर्न सांसदहरु कस्सिएका छन् । जनमत पार्टी संसदीय दलको आइतबार बसेको बैठकले सांसदहरुले आ-आफ्नो संसदीय क्षेत्रमा सांसदहरुले संयुक्त रुपमा सडकको शिलान्यास गर्ने निर्णय गरेको छ।

सडक शिलान्यास कार्यक्रम संसदीय विकास क्षेत्रमा राखिए पनि निर्वाचित र सो क्षेत्रका समानुपातिक सांसदहरुले संयुक्त रुपमा शिलान्यास गर्ने निर्णय जनमत पार्टीको संसदीय दलले गरेको दलका नेता तथा पूर्वमन्त्री महेशप्रसाद यादवले जनाएका छन्।

प्रदेश सरकारका मन्त्रीहरुले प्रत्यक्ष संलग्न भइ उपभोक्ता समिति मार्फत हुने योजनाहरुको अग्रिम कमिसन लिएर बिक्री गरेको गम्भीर आरोप लागेको छ। प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री यादव, खेलकुद तथा समाजकल्याण मन्त्री प्रमोद जयसवाल लगायतले खुल्लेआम योजना बिक्री गरेको आरोप लागेको छ।

> पार्टीमा आरोपमुक्त हुने मन्त्री यादवले कालोपत्रे सडकको एकमुष्ट शिलान्यास प्रधानमन्त्री ओलीबाट गराउने प्रस्ताव सर्वदलिय बैठकमा राखेका थिए । तर उनको प्रस्तावलाई जनमत र लोकतान्त्रिक समाजवादी पार्टीले अस्वीकार गरेपछि नेपाली काँग्रेस, जनता समाजवादी पार्टी(जसपा) नेपाल र माओवादी पार्टीले समेत अस्वीकार गरेका थिए ।

पार्टीमा आरोपमुक्त हुने मन्त्री यादवले कालोपत्रे सडकको एकमुष्ट शिलान्यास प्रधानमन्त्री ओलीबाट गराउने प्रस्ताव सर्वदलिय बैठकमा राखेका थिए । तर उनको प्रस्तावलाई जनमत र लोकतान्त्रिक समाजवादी पार्टीले अस्वीकार गरेपछि नेपाली काँग्रेस, जनता समाजवादी पार्टी( जसपा) नेपाल र माओवादी पार्टीले समेत अस्वीकार गरेका थिए।

हालै सम्पन्न एमाले धनुषाको निर्वाचनमा भौतिक पूर्वाधार विकास मन्त्री यादवका कारण नेता अरगडिया समूहलाई भारी धक्का लागेको बताइएको छ । मन्त्री यादवले पार्टीका नेताहरुले राखेको योजना समेत बिक्री गरेकाले मतदाताहरु सो समूहको विरुद्धमा लागेको एमालेका एकजना नेताले बताए।

मन्त्री यादवलाई पदमुक्त गर्न पार्टीका नेताहरुमाथि दबाब बढ्न थालेको बेला उनले मधेश प्रदेशको ६४ वटा निर्वाचन क्षेत्रमा एकमुष्ट सडकको शिलान्यास गराएर अध्यक्ष समेत रहेका प्रधानमन्त्री ओलीको समर्थन लिने प्रयास गरेका थिए।

मन्त्री यादवलाई मुख्यमन्त्री सतीश कुमार सिंहले समेत समर्थन गरेका थिए । तर उनी खुलेर बैठकमा बोलेनन् । जनमत पार्टी लगायतका दलहरुले मन्त्री यादवको प्रस्तावलाई अस्वीकार गरेकाले अब सांसदहरुले आफ्नै सुविधाहरु सडकको शिलान्यास गर्नेछन्।

सो कार्यक्रमलाई त्यसपछिका मुख्यमन्त्री सरोज कुमार यादव र वर्तमान मुख्यमन्त्री सिंहले निरन्तरता दिएका छन्।






## जनकपुरधाममा बजाजको ग्राण्ड एक्सचेन्ज मेला सुरु



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा बजाज मोटरसाईकलको ग्राण्ड एक्चेन्ज मेला सुरु भएको छ ।

बाह्रबिघा मैदानमा आईतबार देखि सुरु भएको एक्चेन्ज मेला १६ गत्ते शुक्रबार सम्म चल्ने बजाज मोटरसाईकलका आधिकारीक विक्रेता ओम अटोमोबाईल्सका सञ्चालक सन्तोष कुमार साहले जानकारी दिए ।

यस ग्राण्ड एक्सचेन्ज मेलामा कुनै पनि मोटरसाईकलको भ्यालुएसन बजार भन्दा १०,००० बढी पाउने उनले जानकारी दिए । त्यस्तै फाईनान्सको व्यवस्थाका साथै, मोटरसाईकलको लेग गार्ड, हेल्मेट, ब्यागलगायतका अन्य एसेसीरिजहरु पनि निःशूल्क पाउन सक्ने सञ्चालक साहले बताए ।

उनले मोटरसाईकल एक्सेन्ज गरी नयाँ खरीद गर्दा क्यास डिस्काउन्ट पनि पाईने जानकारी दिए । उनले सम्पूर्ण ग्राहकलाई यो ग्राण्ड एक्चेन्ज मेलाको फाईदा उठाउन आग्रह गरे ।

ग्राहकको चाँप अत्याधिक देखिएकाले एक्सचेन्ज मेला थप केही दिन बढ्न सक्ने उनले बताए ।

## विश्व थायराइड दिवसको अवसरमा निःशूल्क स्वास्थ्य शिविर सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको रमदैयास्थित जानकी मेडिकल कलेज तथा शिक्षण अस्पतालमा निःशूल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

आईतबार विश्व थायराइड दिवको अवसरमा अस्पतालले रक्तदान गर्नुका साथै विभिन्न चेक जाँच तथा औषधि उपचार निःशूल्क गरेको छ । निःशूल्क स्वास्थ्य शिविरमा TSH, RBS, FBS र Blood Sugar परीक्षणमा १०० प्रतिसत छुट गरिएको छ भने USG मा ५० प्रतिसत छुट गरिएको अस्पतालका डा.अजय कुमार मिश्रले जानकारी दिए ।

उनले मधेश प्रदेशका विभिन्न जिल्लाहरुबाट थायराइडका विरामी चेकजाँच गराउन यहाँ आउने गरेकोले उनीहरुको सुविधाका लागि आज एक दिने निःशूल्क थायरोइड चेकजाँच शिविर गरेको बताए । उनले यो रोग कुनै निको हुने रोग नभएतापनि यसलाई कन्ट्रोल गर्न सकिने जानकारी दिए । उनले नियमित खानपान र औषधि व्यायाम गरेमा यो रोग कन्ट्रोलमा रहने बताए ।

थायराइडलाई समयमै नियन्त्रण गर्न नसके विरामीको ज्यान पनि जान सक्ने मेडिकल डिपार्टमेन्टका प्रमुख एवम भाईस प्रिन्सिपल प्रा.डा. रामनारायण मन्डलले बताए। उनले थायराइडको लेभल पत्ता लगाएर चिकित्सकको सल्लाह अनुसार औषधि सेवन गर्न सम्पूर्ण थायराइडका विरामीहरुलाई सुझाव दिए ।

निःशूल्क स्वास्थ्य शिविरमा थायराइड जाँच गराउन आएका विरामीहरुले अस्पतालको सेवा सुविधा देखेर खुसी व्यक्त गरेका थिए ।

# श्रम तथा रोजगार कार्यालय जनकपुरमा न्यून उजुरी

**टुडे समाचारदाता**

सर्लाही । श्रम तथा रोजगार कार्यालय जनकपुरमा श्रमिकका गुनासा र उजुरी अत्यन्त न्यून मात्रामा आउने गरेको पाइएको छ ।

श्रम ऐन, २०७४ अनुसार न्यूनतम पारिश्रमिक नपाएको, रोजगारदाताले दुर्घटना बीमा नगरिदिएको र राज्यले अनिवार्य प्रदान गर्न भनिएको सेवा सुविधा नपाएको खण्डमा उजुरी गर्ने ठाउँको रुपमा श्रम तथा रोजगार कार्यालय रहेपनि अधिकांश उद्योगी, व्यवसायी समेतलाई जानकारी नरहेको पाइएको कार्यालयका प्रमुख दिवाकर भुजेलले जानकारी दिएका छन् ।

कार्यालयले आईतबार लालबन्दीमा आयोजना गरेको श्रम अडिट सम्वन्धी रोजगारदातासँग अन्तरक्रिया कार्यक्रममा वरिष्ठ श्रम अधिकृत भुजेलले श्रमिकले उजुरी गर्न सक्ने अवस्था र उजुरी दिने निकायबारे जानकारी दिनकै लागि कार्यक्षेत्र अन्तर्गतका जिल्लामा सचेतनाकै हिसाबमा यस प्रकारको अन्तरक्रिया गरिरहेको बताएका ।



श्रम तथा रोजगार कार्यालय जनकपुरधामले मधेश प्रदेशको सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीलाई कार्यक्षेत्र बनाएर काम गर्दै आइरहेको छ । यो कार्यालय अर्धन्यायीक निकाय समेत हो ।

अहिलेसम्म अधिकांश उजुरी जनकपुर आसपासकै मात्र आइरहेको कार्यालयका प्रमुख भुजेलले बताए । "हाम्रो कार्यक्षेत्र पाँचवटा जिल्ला भएपनि अहिलेसम्म जनकपुर क्षेत्रकै मात्र उजुरी आइरहेको छ," भुजेलले भने, "कार्यालयबारे अन्य जिल्लामा समेत जानकारी होस् र त्यहाँका मजदुरको पनि पिरमर्का र उजुरी आऊन भन्ने हिसाबले हामी अन्तरक्रिया गर्न यहाँसम्म आइपुगेका हौं ।"

सर्लाहीबाट चिनी मिलका श्रमिकको बाहेक अन्य कार्यालय, उद्योग, व्यवसायका मजदुरको श्रम तथा रोजगार कार्यालयसम्म पहुँच पुग्न सकेको छैन् । यसअघि जनकपुर क्षेत्रबाट मात्रै उजुरी आउने र कार्यालयका कार्यक्रम तथा गतिविधि जनकपुर केन्द्रीत नै हुन्थ्यो । अब भने कार्यक्षेत्र अन्तर्गतका पाँचवटै जिल्लाका उद्योगी, व्यवसायी र मजदुरलाई यसबारेमा बुझाउने प्रयास गरेको कार्यालय प्रमुख भुजेलले बताए । उनले कार्यालयमा अघिल्लो आर्थिक वर्षको समेत गरी आफू ६ महिनाअघि हाजिर हुँदा दर्ता भएर रहेको ४७ वटा उजुरीमध्ये अब ७/८ वटाजति मात्रै फछ्र्यौट हुन बाँकी रहेको जानकारी दिए ।

सामाजिक सुरक्षा कोष शाखा कार्यालय जनकपुरका प्रमुख कैलाशकुमार यादवले अहिलेसम्म उद्योग, व्यवसायमा आर्थिक अडिट अनिवार्य जस्तै भइरहे पनि अब श्रमिकसँग जोडिएको श्रम अडिट समेत अनिवार्य गर्न आग्रहसहित उद्योगी, व्यवसायी तथा रोजगारदातासँग अन्तरक्रिया गरिएको बताए ।

श्रम तथा यातायात मन्त्रालय मधेश प्रदेशका उपसचिव होमप्रसाद घिमिरेले ओझेलमा परेको श्रम अडिटका सम्वन्धमा सबैमाझ सूचना पुर्याउन आवश्यक रहेको उल्लेख गरे ।

अन्तरक्रियामा मधेश प्रदेशको अर्थ मन्त्रालयका उपसचिव उपेन्द्र न्यौपाने, लालबन्दी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बसन्त न्यौपाने, हरिवन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हेमराज फूँयाल, उद्योग वाणिज्य संघ हरिवनका अध्यक्ष प्रयागराज पोते, नेपाल पत्रकार महासंघ सर्लाहीका अध्यक्ष ओमप्रकाश ठाकुरलगायतको उपस्थिती रहेको थियो ।

अन्तरक्रियामा लालबन्दी, हरिवन र ईश्वरपुरका उद्योगी, व्यवसायी र अन्य रोजगारदाताको उपस्थिति रहेको थियो ।

## माटो भर्ने क्रममा दुर्घटना हुँदा एकजनाको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बसबरिया गाउँपालिका वडा नम्बर ६ स्थित मनटोलमा ट्रैक्टरको ठक्करबाट एक वृद्धाको मृत्यु भएको छ । स्थानीय ६५ वर्षीय अमिरी पासवानलाई माटो पुर्ने क्रममा ज १ त ९५६४ नम्बरको ट्रैक्टरको पछाडिको भागले ठक्कर दिएको छ ।

आँगनमा माटो पुर्दै गर्दा ट्रैक्टरमा जडान गरिएको टेलर ब्याक गर्दा टाउकोमा गम्भीर चोट लागेका पासवानको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

सो घटनाबारे थप अनुसन्धान भइरहेको र ट्र्याक्टरलाई घटनास्थलमै सुरक्षित राखिएको सर्लाही प्रहरीले जनाएको छ । ट्रैक्टर चालक भने फरार भएका छन् ।

## धनुषाको क्षीरेश्वरनाथमा वनका टोलीद्वारा छापामारी, काठ चोर पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । साइकलमा लोड गरी काठ चोरी गरिरहेको बेला वनका टोलीले धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा छापामारी गरी एकजनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा इच्छापुर बस्ने नरेश मण्डल रहेको डिभिजन वन कार्यालय धनुषाका डिएफओ विनोद सिंहले बताएका छन् । क्षीरेश्वरनाथ नगरपालिका ६ स्थित पर्वता-सखुवामहेन्द्रनगर सडक खण्डको प्लाइउड फैक्ट्री नजिक जलाइधखोलाबाट सखुवातर्फ बिहान ५ बजे टोली अनुगमनमा गएको बेला काठ चोरलाई पक्राउ गरिएको जनाइएको छ ।

मण्डल लामो समयदेखि काठ चोरी एवं तस्कारीमा संलग्न रहेका थिए ।

मण्डलसँग रहेका साइकल १ थान साल जातको गोलिया काठ १ थान बरामद गरिएको छ ।

यसैबीच क्षीरेश्वरनाथ नगरपालिका ६ बाखा बजार नजिक संचालन गरेका साइनवोर्ड नभएका मनोहर साहको फर्निचर उद्योगमा पनि छापामारी गरिएको छ ।

कर्मचारीहरुको टोलीले फर्निचरमा छापामारी गरी ३ तिन दशमलव ५ क्यूफिट साल जातको काठ बरामद गरिएको छ ।

## कमला नपाको ९ मा बर्थिङ्ग सेन्टर सँचालनमा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको कमला नगरपालिका वडा नं. ९ मा बर्थिङ्ग सेन्टर सँचालनमा आएको छ । आईतबार एक समारोहबीच वडा नम्बर ९ को दुबरकोटस्थित बर्थिङ्ग सेन्टर सँचालनमा आएको हो ।

वडा नं. ९ का वडाध्यक्ष रणवीर सिँह मण्डलको अध्यक्षता तथा नगर प्रमुख विशेश्वर यादवको प्रमुख आतिथ्यमा सम्पन्न एक समारोहबीच बर्थिङ्ग सेन्टरको उद्घाटन गरिएको हो । नगर प्रमुख विशेश्वर यादव र उपप्रमुख शिलादेवी मण्डलले सँयुक्त रुपमा रिबन काटेर उदघाटन गरेका हुन् ।

सो अवसरमा मेयर यादवले कमला नगरपालिकाभरि बर्थिङ्ग सेन्टरमा प्रसुति गराउन आउने महिलालाई एम्बुलेन्स पूर्णतः निःशुल्कको घोषणा गरे । उनले यो निर्णय आजैदेखि कार्यन्वयनमा आएको जानकारी दिए ।

उनले नगरपालिकाको विभिन्न वडामा रहेको कुनै पनि बर्थिङ्ग सेन्टरमा प्रसुति गराए एम्बुलेन्स निःशुल्क हुने बताउँदै रिफरको आवश्यकता भएपनि जनकपुरसम्म निःशुल्क एम्बुलेन्स प्राप्त हुने बताए ।

सो क्रममा उपमेयर शिला देवी मण्डलले वडा नं. ९ आफ्नो गाउँ रहेको र २०७४ सालदेखि नै यहाँ बर्थिङ्ग सेन्टर निर्माणको लागि प्रयास गरेको बताउँदै झण्डै ७ बर्षपछि सपना साकार भएको भन्दै मेयर यादवप्रति कृतज्ञता प्रकट गरिन् ।



बर्थिङ्ग सेन्टरमा तत्काल तीन वटा बेड राखिएको छ भने एक सघन कक्ष समेत राखिएको छ । मँगराहा, सखुवा मडान, लक्कड, टरियाका प्रसूति महिलाले लाभ उठाउन सकिने जनाइएको छ ।

## झन्डै ४८ लाखको अवैध सामानसहित ट्रक बरामद



**टुडे समाचारदाता**

सर्लाही । सर्लाहीस्थित प्रहरी गस्ती टोलीले झन्डै ४८ लाख रुपैयाँको विभिन्न किसिमका अवैध सामान सहित एउटा ट्रक बरामद गरेको छ।

आज बिहान पौने ८ बजे बागमती नगरपालिका १२ स्थित इलाका प्रहरी कार्यालय कर्मैयाबाट सई सुभाष यादवको कमाण्डमा खटिएको प्रहरी टोलीले चेकजाँच गर्दा बुटवलबाट मोरङ तर्फ जाँदै गरेको प्र.३-०१-००५ ख ९४६० नम्बरको सामान बोकेको ट्रक नियन्त्रणमा लिएको हो ।

प्रहरी टोलीले चेकजाँच गर्दा उक्त ट्रक (डिबा) गाडीमा ४७ लाख, ९७ हजार, ५०१ रुपैयाँ बराबरको जिरा पाउडर, कस्मेटिक, टायर, हेलमेट, मोटरपार्टसहरु, ब्याट्री, मेडिसिन, मेसिन,हार्डवेयर, किचेन सिंक लगायतका खुद्रा सामानहरूको प्रज्ञापन पत्र नभएको, कतिपय सामानहरूको भ्याट बिल नभएको बरामद गरिएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी सरोज राईले बताए ।

कतिपय सामानको विलबिजक नभएको र भएको बिल पनि शङ्कास्पद देखिएकोले सामानहरू ट्रक सहित नियन्त्रणमा लिएर बिहान सावा ९ बजेको समयमा सामानसहित ट्रक आवश्यक कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारा पठाइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीको सूचनामा उल्लेख गरिएको छ।

## ट्र्याक्टरमा च्यापिएर घरधनीको मृत्यु

**टुडे समाचारदाता**

सर्लाही । सर्लाहीको बसबरिया गाउँपालिका-६, मनटोलमा आईतबार दिउँसो ट्र्याक्टरमा च्यापिएर एक वृद्धको ज्यान गएको छ । आफ्नै घरको आँगनमा माटो भर्ने काम गरिरहेको ज. १ त ९५६४ नम्वरको ट्र्याक्टरमा च्यापिएर ६५ वर्षीय अमिरी पासवानको ज्यान गएको हो । ट्र्याक्टरबाट माटो अनलोड गर्न ब्याक गर्नेक्रममा टेलारीको भाग र घरको भित्ताको बिचमा च्यापिएर पासवानको घटास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय बरहथवाका प्रमुख एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) निरन्जन भट्टराईले बताए । मृतक पासवानको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा पठाइएको छ । ट्र्याक्टर चालक फरार रहेका छन् । उनको खोजी भइरहेको डिएसपी भट्टराईले जानकारी दिए ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : काममा केही प्रतिस्पर्धा र चुनौती सामना गर्नुपर्ला ।
वृष : पढाइ लेखाइमा प्रगति हुनेछ । बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ ।
मिथुन : बिग्रिएको सम्बन्ध र विगतका कमजोरीलाई सुधार गर्न मौका छ ।
कर्कट : व्यापार व्यवसायमा विशेष फाइदा हुनेछ ।
सिंह : विगतको श्रमबाट प्रशस्त धन लाभ हुनेछ । पठन पाठनमा प्रगति हुनेछ ।
कन्या : पारिवारिक सम्बन्धमा सुधार आउनेछ । मनग्य धन आर्जन हुनेछ ।
तुला : पतिपत्नीबीच सम्बन्धमा सुधार आउनेछ ।
वृश्चिक : ठुला व्यक्तिको विशेष सहयोग जुट्नेछ । परिवारबीच आत्मीय भाव बढ्नेछ ।
धनु : पढाइ लेखाइमा प्रगति हुनेछ । बौद्धिक प्रतिस्पर्धा विजयी भइनेछ ।
मकर : सोच्ने शक्ति बढ्नेछ ।
कुम्भ: विशेष सभा समारोहमा सहभागी बन्ने मौका छ ।
मीन : नयाँ कामको प्रस्ताव आउनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |

# पिण्डेश्वर मन्दिरः आस्थाको सङ्गम



धरानाधरानउपमहानगरपालिका-१४ विजयपुरडाँडाको शान्त परिवेशमा अवस्थित पिण्डेश्वर मन्दिर पछिल्लो समय धार्मिक पर्यटकको आकर्षक गन्तव्यका रूपमा उदाउँदै छ।

'अमृतपिण्ड पिण्डेश्वर महादेव'का रूपमा चिनिने यो मन्दिर धार्मिक विश्वास, पौराणिक इतिहास र प्राकृतिक सौन्दर्यको समिश्रण हो। जहाँ दैनिक सयौँ श्रद्धालु दर्शनका लागि यहाँ पुग्ने गरेका छन्।

काठमाडौँबाट परिवार र साथीसहित यहाँ पुग्नुभएका कुमार श्रेष्ठले बर्सेनि यस मन्दिर आउने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "पिण्डेश्वर मन्दिरमा आउनासाथ शान्ति महसुस हुनुका साथै मनोकामना पूरा भएको अनुभूति हुन्छ । यही विश्वास र आस्थाका कारण यहाँ बर्सेनि आउने गर्दछु। यो मन्दिरप्रति मेरो गहिरो श्रद्धा र आस्था छ।"

यससँग जोडिएका ऐतिहासिक र पौराणिक कथाले मन्दिरको विशेषता बढाएको छ । जनविश्वास अनुसार समुद्र मन्थनका बेला उत्पन्न अमृतको पिण्ड यही स्थानमा खसेको थियो, जसले यस मन्दिरलाई विशेष धार्मिक महत्त्व प्रदान गरेको छ। यही आस्थाका कारण यहाँ प्रत्येक दिन देशविदेशबाट श्रद्धालुको घुइँचो लाग्ने गर्दछ।

"पहिलो पटक पिण्डेश्वर मन्दिर आएको हुँ, यहाँको वातावरणले मनलाई शान्त बनाएको छ", मोरङको कानेपोखरीबाट दर्शन गर्न यहाँ आउनुभएका रमेशकुमार साहले भन्नुभयो, "यहाँ आएर दर्शन गर्दा मानसिक शान्ति मिलेको जस्तै महसुस भएको छ। यहाँको इतिहास र आस्थाले यो स्थान साँच्चिकै विशेष रहेछ, भन्ने महसुस भयो।"

यहाँ साउनमा मन्दिर क्षेत्रको वातावरण धार्मिक उत्सवमा परिणत हुन्छ। साउनभरि एक महिनासम्म लाग्ने बोलबम मेलाको भाकामा सजिएका भक्तजन सप्तकोशी नदीबाट जल बोकेर मन्दिरमा अर्पण गर्न यहाँ आइपुग्छन्।

साउने सोमबार, महाशिवरात्रि, तीज, माघे सङ्क्रान्ति, कात्तिक पूर्णिमालगायत पर्वमा यहाँ पूजासहित भक्तजनको घुइँचो लाग्ने गरेको पिण्डेश्वर बाबाधाम समितिका अध्यक्ष विकास बनेपालीले बताउनुभयो । उहाँका अनुसार पछिल्लो समय यहाँ शनिबार र मङ्गलबार पनि भक्तजनको घुइँचो लाग्ने गरेको छ।

मन्दिरको बाह्यस्वरूप सामान्य देखिए पनि भित्र पस्दा यसको विशालता अनुभूति गर्न सकिन्छ । यहाँ भित्र १० वटाभन्दा बढी साना-ठूला मन्दिर रहेका छन् । शिवलिङ्गको ठीक अगाडि रहेको ढुङ्गाको बसाहा, ऐतिहासिक पोखरी र बीचमा रहेको सरस्वतीको मूर्तिले मन्दिरको धार्मिक तथा सांस्कृतिक महत्त्वलाई अझ बढाएको अध्यक्ष बनेपालीले उल्लेख गर्नुभयो।

यहाँ फूलमाला, प्रसाद, रुद्राक्षलगायत पूजाका सामग्री बिक्री गर्ने करिब ३० व्यापारी छन्। धरान-१४ की इन्दिरा खड्काले २२ वर्षदेखि मन्दिर पसिरमा फूलमाला बिक्री गर्दै आउनुभएको हो । उहाँले भन्नुभयो, "भक्तजनको आगमन बढेकाले व्यापार पनि बढेको छ । विशेष गरेर शनिबार र मङ्गलबार बढी घुइँचो लाग्छ।" उहाँजस्तै यहाँका स्थानीय व्यवसायी वर्षौंदेखि मन्दिरमा आउने भक्तजनलाई सेवा दिँदै आएका छन्।

पिण्डेश्वर बाबाधाम समितिकी सदस्य रञ्जिता कट्वालका अनुसार दैनिक एक हजारदेखि पन्ध्रसय भन्दा बढी श्रद्धालु मन्दिरमा आउने गरेका छन्। रासस

# निर्जीवन बिमाबाट दुई अर्ब १५ करोड संकलन

**टुडे समाचारदाता**

वीरगञ्ज।
नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालयले चालु आर्थिक वर्षको नौ महिनामा निर्जीवन बीमातर्फ दुई अर्ब १५ करोड ७६ लाख रुपैयाँ बीमा शुल्क संकलन गरेको छ। सोही अवधिमा भने निर्जीवन बिमातर्फ जारी बिमा लेख संख्या दुई लाख ५९ हजार ४७५ रहेको जनाइएको छ।

निर्जीवन बिमातर्फ सात हजार १२४ संख्याले एक अर्ब ६० करोड २६ लाख रुपैयाँ दाबी भुक्तानी माग गरेका छन्। तर कार्यालयले सो माग गरेकामध्ये पाँच हजार ५८५ जनालाई एक अर्ब आठ करोड ४३ करोड दाबी भुक्तानी गरेको जनाइएको छ।

नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालय प्रमुख प्रीति देवले मधेश प्रदेशमा पर्याप्त जनचेतनाको अभावले बीमाप्रति सर्वसाधारणको आकर्षण अपेक्षाकृत रुपमा बढ्न नसकेको गुनासो गरे।

सो कार्यालयले चालु आर्थिक वर्षको नौ महिनामा जीवन बीमा शुल्क बापत ११ अर्ब १६ करोड ७९ लाख रुपैयाँ संकलन गरेको छ। सो अवधिमा मधेश प्रदेशमा ८६ हजार छ सय ७० वटा जीवन बिमाको बिमालेख संख्या रहेको जनाइएको छ। जीवन बिमा शुल्क संकलनमा मधेश प्रदेशको हिस्सा नौ दशमलव २४ प्रतिशत रहेको छ।




चैतसम्ममा जीवन बीमातर्फको दाबी भुक्तानी संख्या १७ हजार २६८ बाट दुई अर्ब ५४ करोड ६० लाख रुपैयाँ दाबी भुक्तानी गरेको जनाइएको छ। सो कार्यालयले गत आर्थिक वर्षको वर्षभरिमा भने जीवन बीमाकोतर्फको दाबी भुक्तानी संख्या २१ हजार ९०४ संख्याबाट दुई अर्ब ८७ करोड ७४ लाख रपैयाँ भुक्तानी गरेको थियो।

# कृषकलाई सिँचाइ र कृषि मिटरको झन्झटबाट मुक्त



**टुडे समाचारदाता**

राजविराज । सिँचाइका लागि कृषि मिटर र बिल तिर्नुपर्ने झन्झटबाट किसान मुक्त भएको छ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाले ट्रान्स्फर्मर र मास्टरमिटर जडान गरिएको छ।

तीन वर्षदेखि कृषि मिटरको बिल सो नगरपालिकाले नै तिर्दै आएको थियो। तर मिटर जडान गर्न र नगरपालिकासम्म मासिक बिल ल्याइदिनका लागि दौडधुप गर्नुपर्दा किसानलाई समस्या भइरहेको थियो । ती समस्या अन्त्य गर्न र किसानलाई सहज पार्न नगरपालिकाले ट्रान्सफर्मर र मास्टरमिटर जडान गरिएको जनाइएको छ।

अहिलेसम्म १४ मध्ये ७ वटा वडामा ७ वटा ट्रान्स्फर्मरसहित ७ वटा मास्टरमिटर जडान गरी विद्युत् प्रवाह भइरहेको मेयर वीरेन्द्र माझीले जानकारी दिए।

उनले चालु आर्थिक वर्षमा नगरपालिकाको ६० लाख रुपैयाँ र मधेश प्रदेश सरकारबाट पाएको ९५ लाख रुपैयाँ गरी कूल १ करोड ५५ लाख रुपैयाँको लगानीमा कृषि विद्युतीकरण योजना ल्याएको जनाइएको छ। नेपाल विद्युत् प्राधिकरणसँग सम्झौता गरेर अघि सारिएको सो योजना अन्तर्गत आगामी वर्षमा अन्य वडामा पनि ट्रान्सफर्मर र मास्टरमिटर जडान गर्ने योजना रहेको छ।

कूल ५१ हजार ९ सय २६ परिवार रहेको सो नगरपालिकाका अधिकांश परिवारको दैनिक रुपमा कृषिमै व्यस्त छन्।

अति विपन्न तथा दलित समुदायका किसानलाई लक्षित गरी सप्तरीको बलान बिहुल गाउँपालिकामा प्रदान गरिएको 'कृषक एटीएम कार्ड' बाट ७ सय ८० किसानले सहुलियत पाएको जनाइएको छ।

गाउँपालिकाले राष्ट्रिय कृषक समूह संघ नेपाल र केयर नेपालसँगको सहयोगमा ०८१ जेठदेखि 'कृषक एटीएम कार्ड' शुरु गरेको थियो।

अनुदान स्वरुप पाएको 'कृषक एटीएम कार्ड'बाट अहिलेसम्म ७ सय ८० अति विपन्न तथा दलित समुदायका किसानले सेवा लिइसकेको गाउँपालिका अध्यक्ष खेमचन्द्र यादवले बताए।

# 'रासस फोटो प्रदर्शनीले फोटोपत्रकारलाई प्रोत्साहन गरेको छ'

काठमाण्डु। राष्ट्रिय समाचार समिति (रासस)को तस्बिर प्रदर्शनीले नेपाली हिमालय क्षेत्रको प्राकृतिक सौन्दर्य, जनजीवन, पर्यटकीय दृश्य, वनस्पति तथा सांस्कृतिक विविधताको सजीव रुपलाई दस्ताबेजीकरण गर्न सहयोगपुऱ्याएकोअवलोकनकर्ताले प्रतिक्रिया दिनुभएको छ।

यस वर्षको गणतन्त्र दिवसका अवसरमा आयोजना गरेको तस्बिर प्रदर्शनीको अवलोकन गर्दै वरिष्ठ फोटोपत्रकार मीनरत्न बज्राचार्यले राससले अन्तरराष्ट्रिय अवलोकनकर्तालाई आर्कषण गराउने गरी प्रदर्शनीलाई थप व्यवस्थित र विस्तार गर्न सुझाव दिनुभयो।



"पूर्वदेखि पश्चिमसम्म फैलिएका पर्वतीय शुङ्खलाका साथै हिमाली जनजीवन र सांस्कृतिक पक्षले नेपाल हिमालयको दृष्टिकोणले महत्त्वपूर्ण र आकर्षक छ, भन्ने कुरालाई उजागर गरेको छ", उहाँले भन्नुभयो, "राज्यले राससले चालेको कदममा सहकार्य गर्दै अन्तरराष्ट्रिय अवलोकनकर्तालाई पनि आर्कषण गर्ने किसिमले व्यवस्थित गर्दै जानुपर्छ।"

चौतिस ३४ वर्षदेखि फोटोपत्रकारितामा सक्रिय बज्राचार्यले प्रदर्शनीमा रासससँग आबद्ध फोटोपत्रकार मात्र नभइ अन्य स्वतन्त्र र विशिष्ट व्यक्तिद्वारा खिचिएका तस्बिर समावेश गरिएको भन्दै आभार प्रकट गर्नुभयो।

"यस प्रदर्शनीले फोटोपत्रकारलाई प्रोत्साहन मिलेको छ। फोटोपत्रकारिताका क्षेत्रमा भविष्य खोज्दै अभ्यास गरिरहेका विद्यार्थीलाई यस्ता प्रदर्शनी अवलोकन गर्न निरन्तर सुझाव दिँदै आएकाले राससद्वारा प्रदर्शित तस्बिरको अवलोकन गर्न आग्रह गर्दछु", उहाँले भन्नुभयो।

बज्राचार्यले फोटो पत्रकारिताको सामाजिक महत्त्व उल्लेख गर्दै व्यवस्थित दस्ताबेजीकरणसँगै उत्कृष्ट फोटोहरूको सङ्ग्रह गरेर किताबका रूपमा प्रकाशन र वितरण गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले प्रदर्शनमा राखिएका तस्बिर राससको मात्र नभइ राज्यकै सम्पत्ति भएकाले पुस्तक प्रकाशन तथा प्रचारप्रसार गर्न राज्यले लगानी लगाउनुपर्ने धारणा राख्नुभयो।

उहाँले स्थानीय क्षेत्रका फोटोपत्रकारको क्षमता अभिवृद्धिका लागि तालिम तथा अभिमुखिकरणका कार्यक्रमको आवश्यकता औंल्याउनुभयो।रासस

# सगरमाथा आरोहण गर्नुभएकी प्रनानी शेर्पालाई दर्ज्यानी चिन्ह

काठमाण्डु । प्रहरी महानिरीक्षक दीपक थापाले सगरमाथाको सफल आरोहण गर्नुभएकी प्रहरी नायब निरीक्षक कुञ्जाङ छोपेल शेर्पालाई दर्ज्यानी चिह्न प्रदान गर्नुभएको छ।

प्रहरी प्रधान कार्यालयमा आज आयोजित कार्यक्रममा उहाँले प्रहरी सहायक निरीक्षकबाट प्रहरी नायब निरीक्षक पदमा विशेष बढुवा हुनुभएकी शेर्पालाई दर्ज्यानी चिह्न प्रदान गर्नुभएको हो । यही जेठ ६ गतेको नीति



निर्माण समिति (पिसिसी) बैठकले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफलतापूर्वक आरोहण गरी सङ्गठनको गौरव बढाउन सफल भएको भन्दै शेर्पालाई विशेष बढुवा प्रदान गर्ने निर्णय गरेको थियो।

सो अवसरमा प्रहरी महानिरीक्षक थापाले अदम्य साहसका साथ विश्वको सर्वोच्च शिखर सगरमाथाको सफलतापूर्वक आरोहण गरी उहाँले प्रहरी सङ्गठनको श्रीवृद्धिका लागि गरेको कार्यको प्रशंसा गर्नुभयो।रासस


## धनौजी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### धनौजी, धनुषा
मधेश प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०२/११ गते)

यस गाउँपालिकालाई करार सेवामा तपसिलका पदमा कर्मचारी पदपूर्ति गर्न आवश्यक भएकोले संघीय लोक सेवा आयोग तथा प्रदेश लोकसेवा आयोगले संचालन गरेको प्रतियोगितात्मक परीक्षाको अन्तिम नातिजामा वैकल्पिक सुचिमा परेका उम्मेदवारहरुलाई तथा योग्यता पुगेका अन्य उम्मेदवारहरुलाई समेत यो विज्ञापन प्रकासित गरेको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक दरखास्त दिनका लागि सुचित गरिन्छ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | २०८१/८२-१ | कृषि विकास अधिकृत | छैठौ | १ |
| २. | २०८१/८२-२ | अ.न.मी | चौथो | २ |

**न्युनतम योग्यता र कागजातहरु :-**

१. **योग्यता** : लोक सेवा आयोगले सम्बन्धित पदकालागि तोकेका योग्यता।
२. **छनोट प्रक्रिया**: संघीय लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगले संचालन गरेको प्रतियोगात्मक परीक्षाको अन्तिम नतिजामा बैकल्पिक सुचिमा परेका उममेदवारहरुलाई योगताक्रम तथा अन्तरवार्ताका आधारमा छनौट गरि नियुक्ति गरिने छ। वैकल्पिक सुचिमा परेका उम्मेदवारबाट पदपूर्ति भए पछि बाँकी रहेका पदमा पदपूर्ति समितिको निर्णयनुसार लिखित परिक्षा र अन्तरवार्ताका अधारमा पदपूर्ति गरिनेछ।
३. **दरखास्त दिने स्थान**: धनौजी गाउँपालिकाको कार्यालय धनौजी, धनुषा तथा **ईमेल**: dhanaujimun@gmail.com मा समते आवेदन पठाउन सकिनेछ।
४. **दरखास्त दस्तुर** : चौथो तहको लागि रु ५००/- र छैठौ तहको लागि रु १०००/- मात्र। नबिल बैंक लि., धनौजी शाखामा रहेको राजश्व खाता नं. २२३०१०१७५०००३५ मा दस्तुर बुझाउन सकिने छ।
५. **तलब** : नेपाल सरकारको प्रचलित स्केल बमोजिम
६. **आवेदन तथा संलगन गर्नु पर्ने कागजातहरु** : आवेदन स्वंयमले प्रमाणित गरेको उलेखित कागजातहरुको प्रतिलिपि

| | |
|---|---|
| १. नागरिकता प्रमाणपत्र को प्रतिलिपि | २. दुई प्रति पासपोर्ट साइजको फोटो |
| ३. चारित्रिक प्रमाण पत्र | ४. न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्र |
| ५. वैकल्पिक उम्मेदवारले लोकसेवा आयोगले प्रकाशन गरेको अन्तिम नतिजाको प्रमाणित प्रतिलिपि | |

**नोट**: आवेदनको ढाचा यस कार्यालयको वेवसाइट www.dhanaujimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ तथा थप जनाकारिका लागि मोबाइल नं. ९८५४०२१०३८, ९८१७८८७०१३ मा सम्पर्क गर्न सकिनेछ (कार्यालय समयमा मात्र)

**प्रमुख प्रशासकीय अधिकृत**



Government of Madhesh Province
### Ministry of Energy, Irrigation & Water Supply
## Water Supply and Sanitation Division Office
## Division No.1 Saptari Rajbiraj


## Invitation for Electronic Sealed Quotation Bids

**First Date of publication: 2082/02/12 (26th may 2025)**

Water Supply & Sanitation Division Office, Saptari, Rajbiraj invites electronic Sealed Quatation bids only from Nepalese eligible bidders for following work under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Water Supply & Sanitation Division office, Saptari, Rajbiraj, wssdosaptarino1@gmail.com, 031530036 or may visit PPMO website www.bolpatra.gov.np/egp

| Contract No. | Name of Work | Bid Fee (Nrs) | Bid Security Amount (Nrs) | Estimate Cost (without VAT & PS) |
|---|---|---|---|---|
| 11/SQ/Boring/ 2081-82/ WSSDO-SAPTARI | Drilling & Installing 150mm diameter Deep Tubewell by Rig machine using direct rotary method of drilling in Lahan Na Pa, Siraha | 1000 | 52000 | 17,66,340.71 |
| 12/SQ/Boring/ 2081-82 /WSSDO-SAPTARI | Drilling & Installing 150mm diameter Deep Tubewell by Rig machine using direct rotary method of drilling in agnisair krishna sawaran Ga Pa, Saptari | 1000 | 52000 | 17,66,340.71 |

**Division Cheif**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कोरोना निमिट्यान्न भएको छैन

दक्षिण छिमेकी मित्र राष्ट्र भारतमा कोरोना संक्रमितको संख्या बढ्न थालेको छ । पछिल्लो १८ दिनमा कोरोना संक्रमितको संख्यामा दोब्बरले वृद्धि भएको सरकारी तथ्यांक सार्वजनिक भएको छ। मे १२ तारेखसम्म ९३ जना कोरोना संक्रमित रहेको भारतमा मे ३० तारेख सम्म २ सय ५७ जना पुगेको छ। कोरोना संक्रमित २ जनाको उपचारको क्रममा राजधानी दिल्लीमा मृत्यु भएको भारतीय सञ्चार माध्यमहरुले जनाएका छन् । हुन त १ सय ४० करोड जनसंख्या भएको भारतमा कोरोना संक्रमितको २ सय ५७ संख्या नगण्य हो । तर यसको बढने क्रमले चिन्ता बढाएको छ । ३ वर्ष पूर्व महामारीको रुप लिएको कारोना-१९ ले संसारका ठूला र सम्पन्न राष्ट्रहरुमा समेत ठूलो संख्यामा मानिसको ज्यान गएको थियो। कोरोनाको कारण धेरै मानिसको ज्यान गएको थियो । त्यस मध्ये भारत र चीनपनि प्रमुख थियो । कोराना भाइरस संक्रमण फैलिएपछि उपचारको अवस्था अत्यन्त कमजोर देखिएको थियो । उपचारमा संलग्न चिकित्सकहरुको समेत ज्यान गएको थियो । औषधि पत्ता लगाउनै धेरै समय लागेको थियो । आयुर्वेदिक उपचार विधि र योगासनले धेरै मानिसहरु इम्युनिटी बढाएका थिए । हाल कोरोना भाइरस-१९ विरुद्धको खोप धेरै मानिसले लगाइसकेका छन्। गम्भीर प्रकृतिका रोग लागेकाहरुलाइ कोरोना भाइरस-१९ बाट ज्यान गुमाउनु परेको थियो । स्वास्थ्य अवस्था कमजोर भएकाहरुलाई कोरोना भाइरसले धेरै क्षति गरेको थियो ।कोरोना भाइरलाई अहिलेपनि खेलाञ्चीको रुपमा लिनु हुँदैन । भारतीय सञ्चार माध्यमहरुका अनुसार हाल महाराष्ट्र, केरल र तमिलनाडु राज्य बढी प्रभावित भएका छन्। हाल देखिएको कूल संक्रमित संख्याको ८५ प्रतिशत ती तीन राज्यमा छ। कोरोना भाइरसको पहिलो लहरमा भारतमा मात्र साढे ४ करोड बढी मानिस संक्रमित भएका थिए। त्यस मध्ये ५ लाख ३३ हजार मानिसको मृत्यु भएको सरकारी तथ्यांक छ। अहिले फैलिएको कोरोना भाइरसको स्वरुप ओमिक्रोन भेरियन्टको नयाँ भाइरस जेएन १ भेरियन्ट हो। 'सो भाइरसको संक्रमण केही समय अघि नेपालमा पनि देखिएको थियो । कोरोना भाइरसले मानवको जीवन मात्र समाप्त गरेन । त्यसले संसारकै अर्थ व्यवस्थालाई तहसनहस गरे । कोरोना भाइरसको संक्रमणको भेला ध्वस्त बनेको अर्थतन्त्र अझैं लयमा फर्किसकेको छैन । कोरोना भाइरसले संसारभरि नै जन धनको ठूलो क्षति गरे । कोरोना निमिट्यान्न भइसकेको छैन । कोरोनाबाट जोगिन अपनाउनु पर्ने सम्पूर्ण सतर्कता अपनाउन आवश्यक छ। कोरोना भाइरस बिभन्न स्वरुपमा देखा परिरहेको छ। सचेत रहौं ।

# आर्थिक सङ्कुचनको घेरामा नेपालः
# २०८१/०८२ को बजेटको संरचनात्मक विश्लेषण



रमेश कुमार बोहोरा

नेपाल हाल गम्भीर आर्थिक संकटको चपेटामा परेको छ । सरकारले आर्थिक वर्ष २०८१/०८२ का लागि सार्वजनिक गरेको बजेटले प्रारम्भमा केही आशा देखाए पनि वर्षको मध्यसम्म आइपुग्दा बजेट कटौतीको घोषणा हुनु स्वयं मुलुकको वित्तीय अनुशासन, नीतिगत स्पष्टता र संरचनागत क्षमतामाथि गम्भीर प्रश्न खडा भएको हो। सरकारी खर्चको चरम असन्तुलन, राजस्व सङ्कलनमा कमजोरी, पुँजीगत खर्चको न्यून उपयोग र राजनीतिक हस्तक्षेपका कारण नेपालले स्थायित्वतर्फको यात्रा अझै प्रारम्भ गर्न सकेको छैन।

सरकारले प्रस्तुत गरेको १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँको बजेटमध्ये वर्षको मध्यसम्ममा २ खर्ब २८ अर्ब रुपैयाँ कटौती गरिनु पर्यो । संशोधित बजेट १५ खर्ब २३ अर्ब रुपैयाँमा झरेको छ, जुन १३ प्रतिशत कटौती हो। विगत ६ वर्षकै सबैभन्दा उच्च दरको कटौती हुनुको प्रमुख कारण भनेको राजस्व सङ्कलन लक्ष्यभन्दा २५ प्रतिशतले कम हुनु हो । वैदेशिक सहायता तथा ऋण प्रवाहमा गिरावट र पुँजीगत खर्चको उपयोग केवल ३० प्रतिशत हाराहारीमा सीमित हुनुले सरकारको कार्यान्वयन क्षमता र आर्थिक व्यवस्थापनको कमजोरी उजागर गरेको छ।

नेपालको बजेट संरचना अत्यधिक असन्तुलित छ । कुल बजेटको ७० प्रतिशतभन्दा बढी चालु खर्चमा खर्चिनु वित्तीय अनुशासनको गम्भीर सङ्कट हो। कर्मचारी तलब, सेवासुविधा, सामाजिक सुरक्षा भत्ता र ऋणको व्याज भुक्तानीमा अत्यधिक रकम खर्च भइरहँदा विकासका लागि विनियोजित पुँजीगत बजेट खर्च गर्न सकिने अवस्था रहँदैन। मन्त्रालयहरू र स्थानीय तहमा नीति कार्यान्वयनको सुस्तता, ढिलो टेन्डर प्रक्रिया र समन्वयको अभावले गुणस्तरीय विकास अवरुद्ध भएको छ।

राजस्व सङ्कलनमा गिरावट नेपालका लागि गम्भीर चुनौती बनेको छ। आयातमा गिरावट आएपछि भन्सार राजस्व घटेको छ, निजी क्षेत्रको मन्दीले आयकर घटाएको छ र मूल्यवृद्धिले उपभोग क्षमतामा गिरावट ल्याएको छ। कर प्रशासनको कमजोरीले पनि राजस्व सङ्कलनमा नकारात्मक असर पारेको छ। फलस्वरूप सरकार आन्तरिक तथा बाह्य ऋणमा निर्भर हुन पुगेको छ। जसले दीर्घकालीन आर्थिक स्वायत्तता र दायित्वमाथि गम्भीर जोखिम निम्त्याएको छ।

पछिल्ला वर्षहरूमा देखिएको पुँजीगत खर्चको न्यून उपयोग अझै यथावत छ । अघिल्लो वर्ष ८ खर्ब विनियोजन भएको पुँजीगत बजेटमध्ये ५ खर्ब रुपैयाँसमेत खर्च हुन सकेन । चालु वर्षमा पनि खर्च दर ३० प्रतिशत हाराहारीमा सीमित रहनु नीतिगत, प्राविधिक तथा संरचनागत कमजोरीको स्पष्ट संकेत हो । ढिलो वार्षिक कार्ययोजना स्वीकृति, टेन्डर प्रक्रिया, दक्ष जनशक्तिको अभाव र संघीय तहबीच समन्वयको कमीले पुँजीगत खर्च बढाउन चुनौतीपूर्ण बनाएको छ।

संघीयता कार्यान्वयनसँगै स्थानीय तहको बजेटमा देखिएको अनिश्चितता अझै हटेको छैन । वित्त आयोगको सिफारिसलाई बेवास्ता गर्नु, अनुदान ढिलो हुनु र दोहोरो योजना तथा पूर्वाग्रही बजेट विनियोजनले स्थानीय सरकारको प्रभावकारिता कमजोर बनाएको छ।




समयमै बजेट हस्तान्तरण नहुनु, आयोजना दोहोरोपन र बजेट निर्माणमा राजनीतिक प्रभावले संघीय शासन प्रणालीमाथि प्रश्न उठाएको छ।

बजेट निर्माण र कार्यान्वयन प्रक्रियामा राजनीतिक हस्तक्षेपको प्रभाव गम्भीर छ । प्रत्येक सरकार परिवर्तनसँगै बजेटका प्राथमिकता फेरिनु, योजना स्थगन वा नयाँ योजना थपिने प्रवृत्तिले दीर्घकालीन योजना कार्यान्वयनमा अवरोध गरेको छ। विगतका परियोजनाहरू अधुरो रहनु, प्रदेश तथा स्थानीय सरकारसँग योजना दोहोरो हुनु र कार्यक्रमको स्थायित्व नहुनुले बजेटीय स्थिरता खल्बल्याएको छ।

सरकारको ऋण निर्भरता बढ्दो क्रममा छ । राजस्व घट्दो हुँदा सरकारले आन्तरिक र बाह्य ऋण लिइरहेको छ । आन्तरिक ऋण उच्च ब्याजदरमा लिइएको हुँदा दीर्घकालीन ऋण सेवा भार बढ्नेछ। बाह्य ऋणमा विदेशी शर्तहरू जोडिने भएकाले नीति स्वायत्तता कमजोर हुनसक्छ। नेपालको ऋणजीडीपी अनुपात बढ्दो छ। जसले भविष्यमा आर्थिक संकट गहिराउने सङ्केत गर्छ।

निजी क्षेत्रमा देखिएको आर्थिक संकुचन पनि गम्भीर छ । उत्पादन र आयात दुबै घटेका छन् । निर्यात नबढ्नु, रोजगारी सिर्जना नहुनु र निजी लगानी घट्नु अर्को आर्थिक सङ्कट हो । बैंकिङ ब्याजदर अस्थिर रहनु, उपभोग क्षमतामा गिरावट आउनु र सरकार निजी क्षेत्रबीच पर्याप्त सहकार्य नहुनुले लगानी वातावरणमै नकारात्मक प्रभाव पारेको छ।

दीर्घकालीन समाधान भनेको संरचनात्मक सुधारमार्फत आर्थिक अनुशासन कायम गर्नु हो । चालु खर्च नियन्त्रणका लागि कर्मचारी संरचनाको पुनरावलोकन आवश्यक छ। पुँजीगत खर्च क्षमताको वृद्धिका लागि समयमै योजना स्वीकृति, पारदर्शी ठेक्का प्रक्रिया र दक्ष जनशक्ति व्यवस्थापन गरि नुपर्छ । राजस्व प्रणालीलाई डिजिटल प्रविधिमैत्री बनाउँदै पारदर्शिता र कर अनुपालन सुधार गर्नुपर्छ। वैदेशिक ऋणको सट्टा घरेलु स्रोतको परिचालनमा जोड दिनुपर्ने देखिन्छ । संघीयता कार्यान्वयनका लागि स्पष्ट मापदण्ड तय गर्नुपर्छ।

नेपालको बजेटीय प्रक्रिया अझै पनि नीतिगत अस्थिरता, राजनीतिक हस्तक्षेप र प्रशासनिक अकर्मण्यताबाट ग्रस्त छ । बजेट निर्माण नीति विश्लेषण, डेटा र आवश्यकताको आधारमा हुनुपर्ने हो तर अझै पनि दलगत प्राथमिकता, दबाब समूह र शक्ति सन्तुलनको उपज बनेको छ। त्यसैले मल्टियर बजेट फ्रेमवर्क (ःत्ॅँ), नतिजा केन्द्रित बजेटिङ र नागरिक समाज तथा विज्ञहरूको सहभागितालाई सुदृढ गर्नुपर्छ। खर्चको प्रभावकारिता मूल्याङ्कन गर्ने स्वतन्त्र संयन्त्रको स्थापना आवश्यक छ।

संघीय शासन व्यवस्थासँगै बजेटीय जटिलता थपिएको छ । संघ, प्रदेश र स्थानीय तहबीच अधिकारको स्पष्ट सीमाङ्कन नहुनुले आयोजना दोहोरोपन, स्रोत बँडफाँटको अन्योल र आर्थिक असमानता सिर्जना भएको छ।

वित्तीय संघीयतालाई स्पष्ट पार्ने नीति निर्देशन, समायोजन ऐन तथा कार्यविधिको संशोधन र स्थानीय सरकारलाई योजना निर्माण, लेखापरीक्षण तथा प्रविधि हस्तान्तरण गरिनु अत्यावश्यक छ।

नियामक संस्थाहरूले बजेट कार्यान्वयनमा प्रभावकारी भूमिका खेल्न सकेका छैनन्। महालेखा परीक्षकको प्रतिवेदन कार्यान्वयन नहुनु, सांसदहरूको बजेट बाँडफाँटमा संलग्नता, र सार्वजनिक खर्चमा अनियमिततामाथि दण्डहीनताले पारदर्शितामा गम्भीर प्रश्न उठाएको छ। लेखा समितिलाई सशक्त बनाउने, वार्षिक बजेट समीक्षा सम्मेलन अनिवार्य बनाउने र नागरिक बजेट ट्र्याकिङ प्रणाली विकास गर्नु जरुरी छ।

नेपालको बजेटले आर्थिक वृद्धि मात्र होइन, रोजगारी सिर्जना, घरेलु उत्पादन वृद्धि, र आयात निर्यात सन्तुलनमा समेत योगदान दिनुपर्ने हो तर हालको बजेट आयातमुखी, खर्चमुखी र वैदेशिक आश्रित छ । कुल बजेटको ६० प्रतिशत विदेशी उत्पादन तथा सेवामा खर्च हुनु, रोजगारी सिर्जनामा १० प्रतिशतभन्दा कम बजेट जानु र निर्यात वृद्धि दर ५ प्रतिशतभन्दा कम हुनु दीर्घकालीन संकटको सङ्केत हो।

कृषि, पर्यटन र साना उद्योगमैत्री कार्यक्रमहरूलाई प्राथमिकतामा राखेर निर्यात प्रवर्द्धनका उपायहरू लागू गर्नुपर्छ।

बजेट व्यवस्थापनमा डिजिटल प्रविधिको प्रयोग अपरिहार्य भइसकेको छ तर नेपालमा ई-बजेटिङ, ई-प्रोक्योरमेन्ट र ट्रेजरी सिङ्गल अकाउन्ट (त्क्ब) को पूर्ण कार्यान्वयन भएको छैन । खर्चको वास्तविक समय ट्र्याकिङ, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणका लागि डिजिटल प्रणाली अनिवार्य गर्नुपर्छ । त्क्ब प्रणाली सबै निकायमा लागू गर्ने, बजेट कार्यान्वयन ट्र्याकिङ ड्यासबोर्ड सार्वजनिक बनाउने र परियोजना व्यवस्थापनका लागि ई-एःक्ष्क प्रणाली विस्तार गरिनु उपयुक्त हुनेछ।

नागरिक सहभागिता बजेट प्रक्रियामा न्यून रहेको छ। बजेट जनउत्तरदायी हुनुपर्छ भनेको नागरिकमैत्री भाषा, पारदर्शिता र समावेशीताको प्रत्याभूति हुनु हो। सूचना अभाव, गोप्यता र सहभागिताको कमीले जनताले बजेट निर्माणमा भूमिका खेल्न सकेका छैनन्। बजेट निर्माणमा सार्वजनिक सुनुवाइ अनिवार्य बनाउने, बजेट सारांश स्थानीय भाषामा प्रकाशन गर्ने र बजेट अनुगमन समितिमा नागरिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ।

२०८१/०८२ को बजेटीय कटौती केवल घाटाको लेखाजोखा होइन यो मुलुकको सार्वजनिक वित्त प्रणालीमा गहिरो संरचनात्मक समस्याको सङ्केत हो। समाधान भनेको चालु खर्च नियन्त्रण, पुँजीगत खर्च सुधार, राजस्व स्रोतको विविधीकरण, संघीय समन्वय, पारदर्शिता र आर्थिक अनुशासनमार्फत दीर्घकालीन सुधार हो।

५ वर्षे खर्च सुधार योजना, बजेटमा आधारित राष्ट्रिय प्राथमिकता कार्यक्रम, अनावश्यक सार्वजनिक निकायको खारेजी र दीर्घकालीन लगानी योजना निर्माण गरेर मात्र नेपालको आर्थिक पुनर्निर्माण सम्भव हुनेछ।

अन्ततः नेपालले अहिलेको बजेटीय सङ्कटलाई दीर्घकालीन सुधारको अवसरमा रूपान्तरण गर्न सक्नुपर्छ। सुधारको ढोका अझै खुला छ तर त्यसका लागि इच्छाशक्ति, प्रतिबद्धता र पारदर्शितायुक्त कार्यान्वयन अनिवार्य छ।

(लेखक बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)

# पर्वतीय पर्यटन नेपालको शान र पहिचान



प्रप सिद्धराज राई

नेपाल प्राकृतिक सुन्दरताले भरिएको देश हो । प्राकृतिक सुन्दरताले नै नेपाल संसारको उत्कृष्ट पर्यटकीय गन्तव्य बनेको छ। नेपालका हिमाल, पर्वतीय सांस्कृतिक, प्राकृतिक, भौगोलिक, जातीय, भाषिक, वातावरणीयलगायतको विविधता रहेको छ। नयाँ ठाउँ हेर्ने, नयाँ कार्य गर्ने, नयाँ विषय खोज्ने तथा बुझ्ने साथै मनको आनन्द लिने कार्य नै पर्यटनको मूल मर्म हो।

भौगोलिक विविधता नेपालको विशिष्ट पहिचान हो। नेपाल पर्यटकीय दृष्टिले र पर्यटकीय क्रियाकलापहरूको सम्भावनालाई बढोत्तरी गर्नमा भौगोलिक विविधताले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। यस विविधताले नै पर्यटनका विविध क्षेत्रहरूमध्ये साहसिक पर्यटनअन्तर्गत पर्ने पर्वतारोहण सम्भव भएको हो र यसका लागि नेपाल संसारकै आकर्षक गतव्यमा पर्दछ । नेपालमा पर्वतारोहणले समग्र पर्यटन क्षेत्रको महत्त्वपूर्ण र आकर्षक स्थान ओगटेको छ।

नेपाल सरकारले सर्वोच्च शिखर सगरमाथालगायत आठ हजार मिटर माथिका आठवटै हिमालहरू समेत गरेर चार सयभन्दा बढी हिमालमा आरोहण खुला गरेको छ। शताब्दीऔं पहिलेबाट नेपालमा पर्वतारोहणका कार्य आरम्भ भएको पाइन्छ। सन् १९२१ मा सगरमाथा हिमाल आरोहणको पहिलो प्रयास भएको र उक्त अवधिमा सगरमाथा चढ्ने बाटो पत्ता लागेको अध्ययनबाट देखिन्छ । बेलायत सरकारले लेफ्टिनेन्ट कर्णेल सिके होवार्ड बुरेको नेतृत्वमा जर्ज मेलोरी तथा अन्य पर्वतारोही र सर्भेयरहरू समावेश गरी पहिलोपटक सगरमाथाको आरोहण गर्ने टोली बनाएको थियो । उक्त टोलीले सन् १९२१ को वसन्त ऋतुमा तिब्बतबाट सगरमाथा आधार शिविर जाने बाटो पत्ता लगायो र सगरमाथाको तिब्बती मोहोडातिरबाट लगभग सात हजार मिटरको उचाइसम्म पुगेर फर्किएको इतिहास रहेको छ। यो ठाउँलाई हाल नर्थ कोल भनिन्छ।

सन् १९५० मा भएको अन्नपूर्ण हिमालको सफल आरोहण नै आठ हजार मिटरमाथिका हिमालमा मानव पाइला पुगेको पहिलो इतिहास हो । सन् १९५३ मे २९ मा न्यूजील्याण्डका नागरिक, एडमण्ड हिलारी र नेपाली नागरिक तेन्जिङ नोर्गे शेर्पाले विश्वको सर्वोच्च शिखर सगरमाथामा पहिलोपटक मानव पाइला टेक्न सफल हुनुभयो। यसपछि नेपालमा पर्वतारोहणले विश्वको ध्यान आकर्षित गर्‍यो भन्दा अत्युक्ति नहोला। योसँगै नेपालको महाभारत र चुरे पर्वत शृङ्खलामा बनेका ताल, झर्ना, सहासिक खेल र प्राकृतिक सुन्दरताले नेपालको पर्यटनले थप उचाइमा लगेको छ।

विश्वकै सर्वोच्च शिखर सगरमाथासँगै सुन्दर हिमशृङ्खला हुनुले नेपाललाई 'पर्वतीय गन्तव्य'का रूपमा चिनाएको छ। पर्वतीय शृङ्खलाहरू हाम्रो शान र पहिचान हुन् । यी शृङ्खलामा फस्टाउने पर्यटन उद्योगले आर्थिक सुधारका लागि छिटोभन्दा छिटो नतिजा दिन सक्छ । पर्यटनको विकास हुन सक्यो भने हामीले छिटै आर्थिक समृद्धि हासिल गर्न सक्छौं । नेपाल सरकारले अघि सारेको 'समृद्ध नेपाल, सुखी नेपाली' नारालाई सार्थक बनाउन पर्यटन क्षेत्र एक दरिलो आधार बन्न सक्छ । पर्यटकहरूको आगमन बढेपछि हाम्रो आर्थिक उपार्जनको स्रोतहरू अथाह बढेर जानेछन् भन्ने हाम्रो विश्वास हो । पर्यटकलाई घुमाएर होस् वा खान बस्न दिएर, आफ्नो कला संस्कृति प्रस्तुत गरेर होस् वा कुनै उत्पादन बेचेर, मनग्यै आयआर्जन लिन सकिने सम्भावना रहन्छ।

हिमाललाई ब्रान्डिङ गर्ने र भौतिक पूर्वाधारहरू निर्माण गर्ने कार्य अहिलेको आवश्यकता हो । विदेशी मिडियाले पनि नेपालको हिमालमा भएका गतिविधिलाई मुख्य समाचार बनाएको पाउँछौं। हिमाली पर्यटन अबको नयाँ विकल्प हुने छ। यसलाई नेपालले उपयोग गर्नुपर्छ भन्ने हामीलाई लागेको छ। पछिल्लो समयमा नेपालमा पदयात्री पर्यटकको सङ्ख्या बढेको छ । सगरमाथा, अन्नपूर्ण, लाङ्टाङ, कर्णाली, पूर्वमा कञ्चनजङ्घा र काठमाडौं उपत्यका आसपासका पर्वतीय क्षेत्रमा समेत पदयात्रीको आकर्षण बढ्दै गएको देखिन्छ । पर्वतीय पर्यटनलाई थप समृद्ध बनाउन पदयात्रा पर्यटनलाई व्यवस्थित रुपमा सञ्चालन गर्न सके मात्रै आर्थिक रुपमा अपेक्षित सफलता हासिल गर्न सक्छौं। पदयात्रा पर्यटनले स्थानीय सम्पदालाई असर नपुग्ने गरी स्वच्छ मनोरञ्जन एवं फरक अनुभूति बटुल्ने पर्यटकका गतिविधिलाई सम्मान गर्दछ। नेपालमा पर्वतीय क्षेत्रको पर्यटन प्राकृतिक तथा सांस्कृतिक सम्पदामा आधारित छ। यसलाई भरपुर उपभोग गर्न नसकेको यथार्थ हाम्रासामु रहेको छ।

हिमाल र पर्वतहरू प्रकृतिका अमूल्य सम्पदा हुन् । यस क्षेत्रलाई जैविक विविधताको मुख्य क्षेत्र भनेर पनि चिनिन्छ । पछिल्ला दिनमा हिमाल र पर्वतहरूले



जलवायु परिवर्तनको ठूलो प्रभावको सामना गरिरहेका छन् । जलवायु परिवर्तनका प्रभावहरू तीव्ररूपमा बढ्दा नेपालको हिमाली क्षेत्रमा सबैभन्दा धेरै प्रतिकूल वातावरणीय प्रभाव परेको छ। हिमनदीहरू पग्लिँदै जानु, हिमालमा हिउँ हराउँदै जानु र अनियमित मौसमको सामना गर्नुपर्ने चुनौतीहरू हिमाली क्षेत्रमा खडा भएका छन् । कृषि, जलस्रोत, जैविक विविधतासँगै हिमाल र नजिकका क्षेत्रका समुदायको जीविकोपार्जनमा गम्भीर जोखिम देखिएको छ । हिमालमा जलवायु परिवर्तनको प्रभावले तल्लो र तटीय क्षेत्रमा दूरगामी प्रभाव पार्न सक्छ । यी विषयले अझै पनि विश्वमञ्चमा उचित प्रतिनिधित्व र बहस पाउन सकेको छैन। जलवायु परिवर्तनको विषयमा छलफल र अध्ययन पुगेकै छैन । पर्याप्त अध्ययन गर्न लगानी जरूरी पर्छ।

जलवायु परिवर्तनका विषयमा निरन्तर संवाद गर्नुपर्छ । यसै सन्दर्भमा नेपाल सरकारले यही जेठ २ देखि ४ गतेसम्म आयोजना गरेको सगरमाथा संवादले केही हदसम्म अन्तरराष्ट्रिय मञ्चमा नेपालको हिमाल र जलवायु परिवर्तनको प्रभावको विषयमा उजागर गर्ने प्रयास गरेको छ भन्ने हाम्रो बुझाइ हो । तर राजनीतिक परिवर्तनसँगै जलवायु परिवर्तनका विषयलाई हेर्ने दृष्टिकोण पनि परिवर्तन भएको पाइन्छ। यसले नेपालको मुद्दालाई अन्तरराष्ट्रिय फोरममा बहसमा लैजान समस्या हुने गरेको छ। आर्थिक सहयोग आउँदा सिजनल रुपमा मात्र कुरा उठाउनेभन्दा पनि निरन्तर अभियान चलाउनु पर्छ। अनुसन्धानबाट आएका तथ्यका आधारमा कसरी काम भइरहेको छ भनेर समीक्षा गर्नु पर्छ । प्रकृतिलाई बिगारेर होइन, सिङ्गारे र विकास गर्नुपर्छ। बोल्नेहरूले त आफैं कुरा उठाउँछन्। तर नबोल्ने प्रकृतिका विषयमा पनि बोल्नुपर्छ । यो विषय आजको मुख्य दायित्व हो भन्ने लाग्दछ।

यही विषयलाई मनन् गरेर राससले पर्वतीय पर्यटनका विषयमा तस्बिर प्रदर्शनी गरेको हो। यस वर्षको गणतन्त्र दिवसलाई अवसर पारेर नेपालको पर्वतीय पर्यटनलाई टेवा पुर्‍याउने र नेपाल सरकारको 'सगरमाथा संवाद' कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि 'पर्वतीय पर्यटनः हाम्रो शान, हाम्रो पहिचान' शीर्षकमा तस्बिर प्रदर्शनी आयोजना गरेको छ । यो तस्बिर प्रदर्शनीले राससका फोटो पत्रकारले खिचेका, सम्प्रेषण भएका तस्बिरहरू खोज्ने र अर्काइभिङ गर्ने, राससमा छापिएका तस्बिर संरक्षण गरेर भावी पुस्तालाई अमूल्य सम्पत्ति हस्तान्तरण गर्ने, नेपालमा पर्वतीय पर्यटनको अवस्था र सम्भावनाको विषयमा जानकारी दिने र नेपालका हिमालहरूको विषयमा जानकारी दिने कार्य गर्छ भन्ने हामीलाई लागेको छ। नेपालका आठ हजार मिटर अग्ला र त्यसभन्दा होचा तर चर्चामा रहेका हिमालहरू, हिमाली क्षेत्रको जनजीवन, पर्वतीय शृङ्खलामा पुगेका विदेशी उच्च पदस्थ व्यक्तिहरू, पर्वतीय शृङ्खला, पहाडी क्षेत्रमा रहेका पर्यटकीय गन्तव्य, ताल, पोखरीलगायतका विषयमा खिचिएका तस्बिरलाई प्रदर्शनीमा राखेको छ। राससका समाचारदाताहरूले खिचेका र राससको बुलेटिनमा प्रकाशित भएका करिब एक सयवटा तस्बिरबाट नेपालको पर्वतीय पर्यटनलाई चिनाउने प्रयास गरेका छौं। प्रदर्शनीमा राखिएका तस्बिरहरू नेपालको हिमाल र पर्वतीय क्षेत्रमा विकास भइरहेको पर्यटनलाई चिनाउने प्रयास मात्र हो।

# अठारौँ गणतन्त्र दिवसमा हिमालका तस्बिर



काठमाण्डु ।सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले राष्ट्रिय समाचार समिति (रासस)ले गणतन्त्र दिवस-२०८२ का अवसरमा आयोजना गरेको तस्बिर प्रदर्शनीको उद्घाटन गर्नुभएको छ ।

भद्रकाली प्लाजास्थित रासस केन्द्रीय कार्यालयमा 'पर्वतीय पर्यटनः हाम्रो शान हाम्रो पहिचान' आयोजित प्रदर्शनीमा हिन्दूकुश हिमशृङ्खलका हिमाल, हिमाली र पहाडी जनजीवन तथा देशका प्रमुख पर्यटकीयस्थलका ९६ वटा तस्बिर समेटिएका छन् ।

जलवायु परिवर्तनका कारण नेपालजस्ता पर्वतीय मुलुकले व्यहोर्नुपरेका समस्याप्रति अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गराउने उद्देश्यले नेपाल सरकारद्वारा हालै सम्पन्न 'सगरमाथा संवाद' कार्यक्रमलाई जोडेर रासस समाचारदाता र फोटो पत्रकारले विभिन्न कालखण्डमा खिचेका हिमाल, पर्वत तथा पर्यटकीयस्थलसम्बन्धी तस्बिर प्रदर्शनीमा समावेश छन् ।


ग्राहकको मागलाई दृष्टिगत गरी राससले आफ्ना उत्पादनमा विविधता थपिरहेको सन्दर्भमा प्रदर्शनीले राससका समाचार र तस्बिरलाई अझ समृद्ध बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ। राससले गत वर्ष भौतिक पूर्वाधार निर्माण र त्यसअघि मुलुकको सांस्कृतिक विविधतासम्बन्धी प्रदर्शनी गरेको थियो ।

जलवायु परिवर्तनबाट मानव सभ्यतामा आएको चुनौती, हिमाल र हिमाली जनजीवनमा परेको प्रभावबारे अन्तरराष्ट्रिय सञ्चारमाध्यमले प्राथमिकताका साथ आवाज उठाइरहेका अवस्थामा हिमालको संरक्षणका लागि बहस र पैरवी गर्न प्रदर्शनीबाट योगदान पुग्नेमा रासस विश्वस्त छ ।

नेपालको पूर्वदेखि पश्चिमसम्म फैलिएका हिमशृङ्खलाको प्रवर्द्धनबाट आर्थिक आयआर्जनमा योगदान पुग्ने अपेक्षा गरिएको छ । विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ हिमशिखरमध्ये सगरमाथा, कञ्चनजङ्गा, ल्होत्से, मकालु, चोयु, मनास्लु, अन्नपूर्ण र धवलागिरि हिमशृङ्खला नेपालमा छन् ।

यसअघि राससका कार्यकारी अध्यक्ष धमेन्द्र झा र महाप्रबन्धक सिद्धराज राईले पाहुनालाई स्वागत गर्दै प्रदर्शनीमा राखिएका हिमालसहितका तस्बिर र प्रदर्शनीको महत्वबारे जानकारी गराउनुभएको थियो । तस्बिर प्रदर्शनी यही जेठ ३० गतेसम्म सञ्चालन हुने छ। रासस

# एमालेलाई स्पष्ट बहुमत ल्याउने 'मिसन २०८४' मा जुट्न जनप्रतिनिधिलाई प्रधानमन्त्रीको आग्रह



ललितपुर । प्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले स्थानीय तहका निर्वाचित वडाध्यक्षहरूले जनता र पार्टीसँगको घनिष्ट सम्बन्धलाई सुदृढ बनाएर विकास र सुशासनका लागि काम गर्नुपर्ने बताउनुभएको छ।

नेकपा (एमाले)को बागमती प्रदेशस्तरीय जननिर्वाचित वडाध्यक्षहरूको प्रशिक्षण कार्यक्रमको आइतबार यहाँ उद्घाटन गर्दै अध्यक्ष ओलीले जनतालाई छिटो र सहज सेवाका साथै विकास र सुशासन कायम गर्ने क्रममा निर्वाचित पालिकाका प्रमुख तथा उपप्रमुखसहित अन्य राजनीतिक पार्टीसँग समेत समन्वय गरेर आमजनताको विश्वास जित्ने गरी काम गर्न आग्रह गर्नुभयो ।

"तपाईंहरू पार्टीबाट निर्वाचित भएर जिम्मेवारीमा गएको हो । निर्वाचन जितेपछि चङ्गाको धागो काटिएजस्तो पार्टीसँगको सम्पर्क काटिनु हुँदैन । मैले जितेँ, मलाई अरु मतलव छैन भन्न मिल्दैन । अर्को निर्वाचन पनि आउँछ। त्यसकारण तपाईंहरूले अहिले पार्टीका नीति तथा निर्देशनलाई पालना गर्दै देश र जनताको सेवामा सक्रिय रहनुपर्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "एमाले पार्टी वास्तविक जनतन्त्रका लागि बनेको हो । देशको स्वाधीनता र भौगोलिक अखण्डताका पक्षमा दृढ भएर लाग्ने पार्टी हो । एमाले देशको नायक पार्टी हो। तथाकथित केही वामपन्थीहरू एमालेलाई धुलो चटाउँछु, टर्च लाइट बालेर खोज्न नभेटिने बनाउँछु भनेर अनेक षड्यन्त्रमा उत्रिए तर हामीले ती षड्यन्त्रहरू चकनाचुर बनाएर अगाडि बढेका छौं ।"

प्रधानमन्त्री ओलीले आफूहरूले कम्युनिष्ट भनेर पार्टी एकता गरेपछि लगभग दुईतिहाइमा पुगेको नेकपालाई विभाजनको अपराध गरेर एमालेको देश बनाउने अभियानलाई रोक्न खोजेको टिप्पणी गर्दै देशलाई बनाउन नदिने देशी-विदेशीहरूको एमालेमाथिको आक्रमण देशकै विरुद्धको आक्रमण हो भन्नुभयो।

"उनीहरू खासमा कम्युनिष्ट थिएनन् । उनीहरूले अरुको विरोध नगरी एमालेको मात्रै विरोध गर्छन्। अनि वामपन्थीबीच एकता हुनुपर्छ भनेर उनीहरूले भन्दा हाम्रा कतिपय साथीहरू हो कि भन्ने गलत बुझाइमा पर्छन्", अध्यक्ष ओलीले भन्नुभयो, "कम्बोडियामा मेरो रु ३२ अरब लगानी छ भनेर हल्ला फिँजाउने व्यक्ति 'प्रचण्ड' हुन् । त्यसको पछि लाग्नेहरू माधव नेपाल र झलनाथ खनालहरू हुन् । माधव र झलनाथले पार्टी प्रमुख हुँदा प्रभावकारी रूपमा चलाउन सकेनन् । पछिसम्म पार्टीचाहिँ कब्जामा लिएर बस्न खोजे । हामीले निकम्मा, बेठिक र परनिर्भर नेतृत्व विस्थापन गरेर समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षाका साथ पार्टीलाई अगाडि बढाउँदा उनीहरूलाई चित्त बुझेन अनि हामीविरुद्ध षड्यन्त्रमा लागेका छन् । देशी-विदेशी प्रतिक्रियावादीहरूले हामीलाई लडाउन खोजेका छन्, त्यसमा सजग भएर आपसी द्वन्द्व र खिचातानीका प्रवृत्तिमा हामी जान हुँदैन । यो कुरा हामीले जनतासमक्ष बुझाउनुपर्छ ।"

> 'अध्यक्ष ओलीले भन्नुभयो, "कम्बोडियामा मेरो रु ३२ अरब लगानी छ भनेर हल्ला फिँजाउने व्यक्ति "प्रचण्ड" हुन् । त्यसको पछि लाग्नेहरू माधव नेपाल र झलनाथ खनालहरू हुन् । माधव र झलनाथले पार्टी प्रमुख हुँदा प्रभावकारी रूपमा चलाउन सकेनन्'

राजतन्त्र फर्कने कुनै आधार नभए पनि प्रतिगामी तत्वहरू सल्बलाउँदा एमालेहरूको मनोवल गिर्न नहुने उल्लेख गर्दै लाज नमानीकन जनतालाई रैती हुन पाऊँ भन्नेहरूले फैलाउने भ्रम चिर्न प्रधानमन्त्री ओलीले आग्रह गर्नुभयो।

अहिले भ्रष्टाचारीहरू र सहकारीपीडितले नै 'भ्रष्टाचारको विरोध र सहकारीलाई न्याय दे' भन्नेजस्ता आवाज उठाएर जनतामा भ्रम छरेको पनि अध्यक्ष ओलीको भनाइ थियो ।

प्रधानमन्त्री ओलीले नेकपा (माओवादी केन्द्र)ले २०६४ सालमा आफ्ना लडाकु क्याम्पमा राखेर र मार्चपास गराएर जनतालाई तर्साएर आतङ्कको राज गरेकाले त्यसबेला आफूहरू पराजित भए पनि माओवादीले २०६४ सालको जस्तो परिणाम ल्याउने सपना देख्नुमा कुनै दम नभएको स्पष्ट गर्नुभयो । "माओवादी आतङ्कको छायाँमा हामीले २०६४ सालको निर्वाचनमा हार व्यहोराका हौं । अब न २०६४ साल आउँछ, न माओवादी आउँछ। यो मुलुकमा एमाले नै मजबुत पार्टी हो। हामीसँग यो मुलुकलाई विकास र सुशासनको नेतृत्व दिने सामर्थ्य छ। त्यसकारण एकापसमा अलमलमा पर्ने र विभाजन नभई आफ्नो शक्तिलाई सुदृढ गरौं। पार्टीलाई स्पष्ट बहुमतमा ल्याउने 'मिसन २०८४' का लागि जुटौं।"

दुईदिने सो प्रशिक्षण कार्यक्रममा नेकपा (एमाले)बाट निर्वाचित बागमती प्रदेशका तीन सय ५९ जना वडाध्यक्षको सहभागिता रहेको छ। रासस

# विकास र समृद्धिका लागि दिगो सोचसहित समन्वय र सहकार्य हुन आवश्यक : सञ्चारमन्त्री गुरुङ



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मुलुकको विकास र समृद्धिका लागि आवश्यक दिगो एवं स्पष्ट सोचसहित समन्वय र सहकार्यको अभाव रहेकाले त्यसतर्फ ध्यान दिनुपर्ने बताउनुभएको छ।

राष्ट्रिय समाचार समिति (रासस)ले गणतन्त्र दिवसका अवसरमा 'पर्वतीय पर्यटनः हाम्रो शान, हाम्रो पहिचान' विषयक शीर्षकमा भद्रकालीस्थित केन्द्रीय कार्यालयमा आयोजना गरको फोटो प्रदर्शनीको आज उद्घाटन गर्दै सञ्चारमन्त्री गुरुङले जनताले महसुस गर्नेगरी कामकाज गर्न सहयोग र सहकार्य हुनुपर्नेमा जोड दिनुभयो ।

अहिलेको झन्झटिलो नियम, कानुन र कार्यप्रणालीबाट विकास, समृद्धि र सुशासन सम्भाव नहुने धारणा व्यक्त गर्दै नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले पुराना नियम-कानुनमा सुधार गरी समन्वयत्मक ढङ्गबाट छिटोछरितो ढङ्गबाट प्रभावकारी सेवा प्रवाह गर्ने पक्षमा सरकार क्रियाशील रहेको बताउनुभयो ।

कृषि, पर्यटनलगायतका अधिकांश क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनमा प्रत्यक्ष जोडिएको सूचना प्रविधिको क्षेत्रले उच्च प्राथमिकता पाउनुपर्नेमा नगन्य बजेट विनियोजन हुने गरेको प्रसङ्ग उल्लेख गर्दै उहाँले आवश्यक बजेट व्यवस्थाका लागि राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको ध्यान जानुपर्नेमा जोड दिनुभयो ।

"पर्यटन हाम्रो मुलुकको समृद्धिको महत्त्वपूर्ण क्षेत्र हो तर, त्यसअनुसार राष्ट्रिय योजनाहरू बन्न सकेका छैनन्", उहाँले भन्नुभयो, "हाम्रो मुलुकको आवश्यकता बुझेर योजनाहरू बनाउनुपर्छ ।"


मन्त्री गुरुङका अनुसार पर्यटन क्षेत्र मुलुकको समृद्धिको मूल आधार रहेको र पर्यटकलाई सहज बनाउन टेलिफोन, इन्टरनेट र एआइजस्ता सूचना प्रविधिसँग सम्बन्धित क्षेत्रमा आवश्यक बजेटसहित ध्यान दिन आवश्यक छ।

पूर्वपर्यटनमन्त्रीसमेत हुनुभएका सञ्चारमन्त्री गुरुङले समन्वयतामत्क ढङ्गबाट आधुनिक सूचना प्रविधिको सदुपयोग गरी पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनमा दुवै मन्त्रालयबीच सहयोग र सहकार्य हुनुपर्नेमा जोड दिनुभयो ।

नेपालमा पर्यटकको मूल आकर्षण भनेको हिमाल र गौतमबुद्ध जन्मस्थल लुम्बिनी रहेको बताउँदै मन्त्री गुरुङले यी दुई सम्पदाको संरक्षण र प्रवर्द्धनमा सरकारले प्राथमिकता दिनुपर्ने मन्त्री गुरुङले प्रष्ट पार्नुभयो ।

साथै उहाँले कुरा र भाषणले मात्र समृद्धि नआउने भएकाले अब कम बोल्ने धेरै काम गर्ने संस्कृतिको थालनी गर्नुपर्ने बताउनुभयो। "हामीले कम बोल्ने र धेरै काम गर्ने संस्कृति थालनी गर्नुपर्छ", उहाँले भन्नुभयो । थोरै लगानीमा धेरै उपलब्धि हासिल गर्न सकिने क्षेत्र पर्यटन हो। मन्त्री गुरुङले पर्यटन देशको समृद्धिका लागि महत्त्वपूर्ण क्षेत्र रहेको बताउँदै इमानदार भएर यसको प्रवर्द्धनमा काम गर्नसमेत आग्रह गर्नुभयो। उहाँले राष्ट्रिय समाचार समितिले पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरेको फोटो प्रदर्शनीले पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। रासस

# कर्मचारीलाई तीनदिनभित्र काम सम्पन्न गर्न ऊर्जामन्त्रीको निर्देशन



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले मन्त्रालय र मातहतका निकायमा हुने काम तीनदिनभित्र सम्पन्न गर्न कर्मचारीलाई निर्देशन दिनुभएको छ। मन्त्रालय र मातहतका कर्मचारीको आइतबार यहाँ बसेको बैठकमा उहाँले काम ढिलाइ नगरी प्रभावकारी कार्यसम्पादनमा लाग्न सबैलाई निर्देशन दिनुभएको हो ।

"मन्त्रालय र अन्तर्गतका निकायमा फाइल रोकिने, काममा ढिलाइ हुने गरेको गुनासो आएका छन् । कुनै पनि फाइल रोकिएर नागरिकले समस्या भोग्नु भएन, तीन दिनभित्र कुनैपनि फाइलको छिनोफानो हुनेगरी काम गर्नुहोस्", मन्त्री खड्काले भन्नुभयो । उहाँले मन्त्रालयअन्तर्गतका निकायबाट उल्ललेख्य प्रगति हुन नसकेकामा चिन्ता व्यक्त गर्दै काममा ढिलाइ गर्ने, नागरिकलाई दुःख दिने गरेको पाइएमा कारबाही गरिने उल्लेख गर्नुभयो ।

कर्मचारीलाई पुरस्कार र दण्डको व्यवस्था गरेमात्र हामीले लिएका लक्ष्य हासिल गर्न सहज हुने मन्त्रीको भनाइ छ । "कर्मचारीलाई स्थायी सरकार भन्छौं, काम स्थायी देखिँदैन, आफूले पाएको जिम्मेवारीलाई इमान्दारीपूर्वक निर्वाह गरौं", उहाँले भन्नुभयो ।

ऊर्जामन्त्री खड्काले मनसुन सुरु हुन लागेको भन्दै वर्षाबाट हुने जोखिम न्यूनीकरणका लागि सूचना प्रवाहलाई जनस्तरसम्म पुऱ्याउन जल तथा मौसम विज्ञान विभागलाई निर्देशन दिनुभयो ।

बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री खमबहादुर गर्बुजा, ऊर्जा सचिव सुरेश आचार्य, जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडी, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सञ्जीव बराल, जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराम जोशी, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य, मन्त्रालयका सहसचिवलगायत मातहत निकायका कर्मचारीको सहभागिता थियो ।

बैठकमा मन्त्रालय र मन्त्रालय मातहतका निकायको वैशाख मसान्तसम्म भएको भौतिक तथा वित्तीय प्रगति विवरणसमेत प्रस्तुत गरिएको थियो । रासस

## राजदूत लम्साल र रूपाखेतीलाई अतिरिक्त जिम्मेवारी

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले बेल्जियम अधिराज्यका लागि नेपालका आवासीय राजदूत सेवा लम्साललाई लक्जेम्बर्गका लागि र सङ्घीय गणतन्त्र जर्मनीका लागि नेपालका आवासीय राजदूत डा शैल रुपाखेतीलाई होली सीका लागि गैरआवासीय राजदूत नियुक्त गर्नुभएको छ ।

नेपालको संविधानको धारा २८२ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले उहाँहरूलाई आज ती देशका लागि गैरआवासीय राजदूत नियुक्त गर्नुभएको हो ।

राजदूत रुपाखेतीलाई गणतन्त्र पोल्याण्ड, हङ्गेरी, रोमानिया र स्लोभाक गणतन्त्रका लागि पनि गैरआवासीय राजदूत नियुक्त गर्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ । रासस


## भूमिसुधार तथा मालपोत कार्यालय धनुषा
## हकदाबि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदकहरु जि.ध. विसरभोरा गा.वि.स.वडा. वडा नं.५ हाल शहिदनगर न.पा.वडा नं.८ मा बस्ने सोनफी बनरैत यादवको छोरा पशुपती यादव-१, ऐ.ऐ.बस्ने सोनफी बनरैत यादवको बुहारी भोला बनरैत यादवको पत्नी भुल्ली देवी बनरैत-१, ऐ.ऐ.बस्ने सोनफी बनरैत यादवको नाती भोला बनरैत यादवको छोरा श्याम सुन्दर बनरैत-१. ऐ.ऐ.बस्ने ऐ.को नाती ऐ.को छोरा शम्भु बनरैत यादव-१ र ऐ.ऐ.मा बस्ने सोनफी बनरैत यादवको छोरा राजाराम बनरैत यादव-१ समेत ५ जनाले सोनफी बनरैत यादवको नाउँमा साविक मौजे पटेर्वाको सा.कि.नं.४३७ क्षेत्रफल ०-३-१४, सा.कि.नं.४३८ क्षेत्रफल ०-३-१७, सा.कि.नं.२०३ क्षेत्रफल ०-२-२ र सा.कि.नं.४३६ क्षेत्रफल ०-४-७ जग्गा समेत सर्वे नापी भई कायम भएको तपसिल बमोजिम जग्गाहरु हामी निवेदकहरुको संयुक्त नाममा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी यस कार्यालयमा द.नं.१५७५९ मिति २०८१/१०/२५ को माग निवेदन भएकोले यसमा निवेदकको माग दावी अनुसारको छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउँदा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा सरकारी, सार्वजनिक जग्गाको हानी नोक्सानी हुने भए वा यी निवेदकहरू वाहेक अन्य कोही व्यक्तिको जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफु संग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दावि उजुरी गर्न यस कार्यालमा आउनु होला । सूचनाको म्याद भित्र दावी उजूरी नपरी म्याद समाप्त भएमा कानुन वमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सबैमा सुचित गरिएको छ ।

तपसिल

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | पटेर्वा | ३ख | ३ | ०-१२-६-० |
| धनुषा | पटेर्वा | ३ख | ४३ | ०-१०-१२-८ |
| धनुषा | पटेर्वा | ३ख | ४५ | ०-५-५-० |
| धनुषा | पटेर्वा | ३ख | ५२ | ०-७-१०-० |

## भूमिसुधार तथा मालपोत कार्यालय धनुषा
## हकदाबि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा रघुनाथपुर वडा नं.५ हाल सबैला न.पा. वडा नं. १२ मा बस्ने अवधी यादबको छोरा निर्सु यादब आफ्नो कालगतिले मिति २८७४।११।२० मूत्यु भई निजको शोषपछी हक खाने पत्नी देवकी देबी यादबको पनि मिति २०७१।०९।१५ मूत्यु भई हक खाने छोराको जाय जन्म-नभई निज दम्पति बाट छोरीहरु जना २ को मात्र जाय जन्म भएकोमा जेठी छोरी विमला देवी यादब र कान्छी छोरी मिथिला देवी यादब मात्र रहेको मा हाम्रो बुवा निर्सु यादबको नाममा दर्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गा हाम्रो नाममा संयुक्त नामसारी गरी पाउँ भनी माग निवेदन भएको र सोही अनुसार को सबैला न.पा. १२ नं. वडा कार्यालय को च.नं. ६४४ मिति २०८१।११।०२ गतेको वडा मुचुल्का सहितको सिफारीस भै आएको र सोही अनुसार को सनाखत भएको जग्गा धनीको मूत्यु पश्चात हकखाने यी निवेदकहरु बाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर-फरक पर्ने भए वा यी निवेदकहरु को नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए, यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफुसँग भएको सबुत प्रमाण लिई दाबी उजुरी गर्न यस कार्यालयमा आउनु होला म्याद भित्र दाबी -उजुरी नपरी म्याद समाप्त भए पछी कानुन बमोजिम मु.दे.स. २०७४ को परिछेद ११ को दाफा २३९(१) बमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचना द्वारा सुचित गरिएको छ।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | सिट नं. | कि. नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| धनुषा | रघुनाथपुर | ८ | ८क | २८३ | ०-२-०-० | ज.ध. निर्सु यादब |
| धनुषा | रघुनाथपुर | ८ | ८क | २८४ | ०-७-११-० | ज.ध. निर्सु यादब |

मधेश प्रदेश सरकार
## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
## जनकपुरधाम, धनुषा, नेपाल
## वोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्वन्धी सूचना

**प्रकाशित मितिः २०८२/०२/१२**

यस प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरधामको मिति २०८२/०२/०८ गते को निर्णयानुसार तपसिलको ठेक्का नं. तपसिलको मितिमा सुचना प्रकाशन भएको वोलपत्रको मूल्यांकन समितिको सिफारिस अनुसार उक्त ठेक्काको आर्थिक प्रस्ताव तपसिल अनुसारको स्थान, मिति र समयमा खोलिने भएको हुंदा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ज) को उपिनयम ५ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | सूचना प्रकाशित मिति | वोलपत्र नं. | कामको विवरण | प्राविधिक प्रस्तावबाट छनौट भएको वोलपत्रदाताहरुको नामावली | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|---|---|
| १ | २०८१/१२/२५ | IFB No. MP/PHLMC/NCB/GOODS-20/2081-82 | The Procurement and Delivery of Plasma Sterilizer. | 1. Capital Medisurg Suppliers, Janakpurdham | PHLMC Janakpurdham, dhanusha, Date 2082-02-18, 2:00 PM |

**Director**

# बङ्गलादेश: अन्तरिम नेता युनुसद्वारा नयाँ राजनीतिक वार्ताका साथ एकताको माग

एएफपी

ढाका । बङ्गलादेशका अन्तरिम नेताले एकता निर्माण गर्न र तीव्र राजनीतिक शक्ति सङ्घर्षलाई शान्त पार्न आइतबार विभिन्न दलसँग 'म्याराथुन वार्ता' आह्वान गर्नुभएको छ ।

नोबेल शान्ति पुरस्कार विजेता ८४ वर्षीय मोहम्मद युनुसले निर्वाचन नहुञ्जेलका लागि कामचलाउ सरकारको प्रमुख सल्लाहकारको रूपमा सरकारको नेतृत्व गरिरहनुभएको छ ।

करिब १७ करोड जनसङ्ख्या भएको दक्षिण एसियाली राष्ट्र बङ्गलादेशमा सन् २०२४ को अगष्टमा पूर्वप्रधानमन्त्री शेख हसिनालाई विद्यार्थी नेतृत्वको विद्रोहले सत्ताच्युत गरेपछि राजनीतिक उथलपुथल मच्चिएको छ ।

यस महिना सरकारको विरोधमा उत्रिएका प्रमुख राजनीतिक दललगायत अन्य राजनीतिक दलसँग शनिबार साँझ अबेरसम्म चलेको बैठकपछि यो वार्ता बोलाइएको हो ।

उहाँका प्रेस सचिव शफिकुल आलमले एएफपीसँग भन्नुभयो, "मुख्य सल्लाहकार प्राध्यापक मोहम्मद युनुसले आइतबार विभिन्न दलका नेतासँग भेटवार्ता गर्नुहुनेछ ।"

बङ्गलादेशमा ५४ वटा राजनीतिक दल दर्ता भएका छन्, जसमा हाल प्रतिबन्धित पूर्वनेता हसिनाको अवामी लिग समावेश छैन ।

यस चरणको वार्तामा कति दललाई आमन्त्रण गरिएको छ भन्नेबारे आलमले केही खुलाउनुभएन ।

**'सङ्कट जारी'**



इस्लामवादी खेलफात-ए-मजलिस पार्टीका नेता मामुनुल हकले जारी सङ्कटका विषयमा केन्द्रित हुने गरी आफू छलफलमा सहभागी हुन लागेको पुष्टि गर्नुभयो ।

लिबरल गानोसाम्हाटी एन्डोलोन पार्टीका जोनेद साकीले आफू पनि सहभागी हसने बताउनुभयो ।

राजधानी ढाकाको सडकमा प्रतिद्वन्द्वी दलहरूले प्रदर्शन गरेको एक हप्तापछि युनुसको नेतृत्वमा रहेको सरकारले शनिबार राजनीतिक शक्ति संघर्षले हासिल गरेको उपलब्धिलाई खतरामा पार्ने खतरा रहेको चेतावनी दिएको छ । "राष्ट्रिय स्थिरता कायम गर्न, स्वतन्त्र र निष्पक्ष निर्वाचन, न्याय र सुधारको आयोजना गर्न र देशमा अधिनायकवादको पुनरागमनलाई स्थायी रूपमा रोक्न व्यापक एकता आवश्यक छ," विज्ञप्तिमा भनिएको छ।

सन् २०२४ को अगष्टमा आन्दोलनकारीको इसारामा निर्वासनबाट फर्केका माइक्रोफाइनान्सका अग्रज युनुसले सन् २०२६ को जुनसम्ममा हुने भनिएको निर्वाचनअघि नै लोकतान्त्रिक सुधार लागू गर्नु आफ्नो कर्तव्य भएको बताउनुभएको छ ।

कामचलाउ सरकारले विभिन्न सुधार आयोगहरू गठन गरेर सिफारिसहरूको लामो सूची तयार पारेको छ र अहिले राजनीतिक दलहरूको समर्थन खोजिरहेको छ ।

युनुसले पछिल्लो पटक फेब्रुअरी १५ मा बङ्गलादेशको लोकतान्त्रिक प्रणालीमा आमूल परिवर्तन गर्ने प्रयासबारे छलफल गर्न सर्वदलीय बैठक आयोजना गर्नुभएको थियो र केही दलले सम्पर्कको अभावमा निराशा व्यक्त गरेका थिए।

सरकारले शनिबारको एक बैठकमा 'अनुचित मागहरू, जानाजानी उत्तेजक र क्षेत्राधिकारभन्दा बढी भनाइहरू' सामना गर्नुपरेको छ, जसले यसको काममा 'लगातार अवरोध' गरिरहेको छ।

युनुसले राजीनामा दिने चेतावनी दिनुभएको थियो तर उहाँको क्याबिनेटले उहाँले तत्काल राजीनामा दिनु नहुने बताएको युनुसको कार्यालय स्रोत र एक प्रमुख राजनीतिक सहयोगीले बिहीबार बताएका थिए ।

युनुसले शनिबार आगामी निर्वाचनमा मुख्य दाबेदारका रूपमा हेरिएको प्रमुख दल बङ्गलादेश नेशनलिस्ट पार्टी (बिएनपी) सँग भेट गर्नुभएको थियो । बिएनपीले डिसेम्बरमा चुनाव गर्न कडा दबाब दिइरहेको छ ।

बङ्गलादेशी सञ्चारमाध्यम र सैन्य स्रोतका अनुसार सेना प्रमुख जनरल वाकर-उज-जमानले पनि यसै हप्ता बिएनपीको मागअनुसार डिसेम्बरभित्र चुनाव गरिसक्नुपर्ने बताउनुभएको थियो ।

युनुसले मुस्लिम बहुल देशको सबैभन्दा ठूलो इस्लामी पार्टी जमात-ए-इस्लामी र हसिनाको शासन अन्त्य गर्ने विद्रोहको नेतृत्व गर्ने धेरै विद्यार्थीहरू सम्मिलित नेशनल सिटिजन पार्टी (एनसीपी) का नेताहरूसँग पनि भेट गर्नुभएको छ ।

नेकपा नेता नाहिद इस्लामले विपक्षी दलले सुधारलाई बेवास्ता गर्न र 'सत्ता कब्जा गर्न' छिटो चुनावका लागि दबाब दिइरहेको र सेनासमर्थित सरकार पुनः उदय हुन सक्ने 'सङ्केत' रहेको बताउनुभएको छ ।

# म्यान्मामा युद्धविरामको म्याद थपगर्न मलेसियाको आग्रह

एएफपी

क्वालालम्पुर । म्यान्मामा भूकम्पपछिको युद्धविरामको प्रभावकारितामाथि प्रश्न उठेको भए तापनि मे महिनाको अन्त्यमा समाप्त हुने गरी युद्धविरामको समयावधि थप र विस्तार गर्न मलेसियाले आइतबार आह्वान गरेको छ ।

गत मार्चको अन्त्यमा गएको विनाशकारी भूकम्पमा परी करिब तीन हजार ८०० जनाको मृत्यु र दशौं हजार घरबारविहीन भएपछि सत्तारुढ सैन्य जुन्टाले सुरुमा बहुपक्षीय गृहयुद्धमा युद्धविरामको घोषणा गरेको थियो ।

युद्धविराम यसअघि पनि लम्ब्याइएको थियो यद्यपि, द्वन्द्व अनुगमनकर्ताहरूले जुन्टाको नियमित हवाई आक्रमणसहित लडाइँ जारी रहेको बताएका छन्।

"आइतबार क्षेत्रीय विदेशमन्त्रीहरूको बैठकमा मलेसियाका विदेशमन्त्री मोहम्मद हसनले 'हाल प्रभावित क्षेत्रभन्दा बाहिर युद्धविरामको विस्तार गर्ने प्रस्ताव गर्नुभएको छ," एक विज्ञप्तिमा भनिएको छ।

"हामी म्यान्माका सरोकारवालाहरूलाई शत्रुता अन्त्य गर्न, युद्धविरामको विस्तार गर्न, पुनरुत्थानको लागि लामो र कठिन मार्गलाई सहज बनाउन र म्यान्माका जनताको पीडा कम गर्न आह्वान गर्दछौं," मोहम्मदले आफ्नो प्रारम्भिक भनाइमा उल्लेख गर्नुभयो ।



मलेसियाले हाल १० सदस्यीय दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (आसियान) को आलोपालो अध्यक्षता सम्हाल्दै आएको छ ।

सन् २०२१ को फेब्रुअरीमा म्यान्माले नागरिक नेतृ आङ सान सुकीलाई सत्ताच्युत गरेपछि म्यान्माको द्वन्द्व अन्त्यका लागि यस समूहले अहिलेसम्म निष्फल कूटनीतिक प्रयासको नेतृत्व गर्दै आएको छ ।

आसियानले सन् २०२१ को अप्रिलमा जुन्तालगायत सबै समूहका नेताहरूबीच सहमति भएको पाँचबुँदे शान्ति योजना कार्यान्वयन गर्न सङ्घर्ष गरिरहेको छ ।

शान्ति सम्झौतामा प्रगति हुन नसकेको भन्दै जुन्टाका अधिकारीहरूलाई आसियान शिखर सम्मेलनमा सहभागी हुनबाट रोक लगाइएको छ ।

मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले गत अप्रिलमा बैंककमा म्यान्माका जुन्टा नेता मिन आङ ह्लाइङलाई भेटेर युद्धविरामको सम्मान गर्न आग्रह गर्नुभएको थियो ।

संयुक्त राष्ट्रसङ्घ र स्वतन्त्र द्वन्द्व अनुगमनकर्ताहरूले युद्धविरामका बावजुद जुन्टाले हवाई आक्रमणको अभियान जारी राखेको बताएका छन्।

प्रत्यक्षदर्शीका अनुसार मे महिनाको मध्यतिर जुन्ताले सागाइङ क्षेत्रमा भूकम्पको केन्द्रविन्दु नजिकै रहेको एक विद्यालयमा गरेको हवाई आक्रमणमा २० बालबालिकासहित २२ जनाको मृत्यु भएको थियो ।

थुप्रै कू विरोधी र जातीय सशस्त्र समूहहरूले शत्रुता रोक्न आ-आफ्नो प्रतिज्ञा गरेका छन्।

# दशौं लाख सिरियाली नागरिक असदको गुप्तचर र सुरक्षा निकायको 'खोजी सूचीमा'

एएफपी

दमास्कस । सिरियाको गृह मन्त्रालयका प्रवक्ता नौरेदिन अल-बाबाले गत डिसेम्बरमा सत्ताच्युत भएका लामो समयदेखिका शासक बशर अल असदको गुप्तचर र सुरक्षा निकायले करिब एक तिहाइ जनसङ्ख्यालाई उसको खोजी सूचीमा राखेको शनिबार बताउनुभएको छ ।



बाबाले दमास्कसमा आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, "राजनीतिक कारणले पूर्ववर्ती सरकारले खोजीको सूचीमा राखेका मानिसहरूको सङ्ख्या ८० लाख नाघेको छ ।

उहाँले भन्नुभयो, "सिरियाली जनताको लगभग एक तिहाई जनसङ्ख्यालाई पूर्व शासनको दमनकारी गुप्तचर र सुरक्षा एजेन्सीहरूले खोजीको सूचीमा राखेको थियो ।"

असदले शान्तिपूर्ण सरकार विरोधी प्रदर्शनमाथि निर्मम दमन गरेपछि सिरियाको गृहयुद्ध सुरु भएको थियो र पछि लाखौं सिरियालीहरू सुरक्षा सेवाहरूको डरलाग्दो जालमा फसेका थिए । उनीहरूले अभियोजन, दुरुपयोग र अधिकार उल्लङ्घनको सामना गर्नुपरेको थियो।

धेरैले प्रदर्शनमा भाग लिएको वा प्रचार गरेको, राज्यको प्रतिष्ठामा आँच पुऱ्याएको, विदेशी पक्षहरूसँग कुराकानी गरेको वा 'आतङ्कवाद' लाई आर्थिक तथा भौतिक रूपमा सहयोग गरेको आरोप खेप्नुपरेको थियो ।

असदले आफ्नो शासनको विरोध गर्ने सबै विद्रोही र समूहहरूका लागि 'आतङ्कवाद' शब्दको प्रयोग गर्नुभएको थियो । लाखौं सिरियालीहरूलाई जेलमा फ्याँकियो, जहाँ धेरैले यातना भोग्नुपऱ्यो र दशौं हजार अझै हराइरहेका छन्।

धेरै मानिसहरूले सुरक्षा जाँचचौकीहरूमा हिरासतमा राख्दा वा देश छोड्न खोज्दा मात्र आफूलाई विभिन्न आरोपमा खोजीको सूचीमा राखिएको थाह पाएका थिए किनकि, आरोपहरू प्रायः गोप्य रूपमा जारी गरिन्थ्यो।

इस्लामी नेतृत्वको गठबन्धनले गत डिसेम्बरमा असदलाई उहाँको परिवारको पाँच दशक लामो कठोर शासनको अन्त्य गर्दै करिब १४ वर्षको कडा युद्धपछि अपदस्थ गरेको थियो ।

बाबाको टिप्पणी गृह मन्त्रालयको पुनर्गठनको घोषणाको साइडलाइनमा आएको हो जसमा धेरै नयाँ विभागहरू सिर्जना गरिएको छ ।

यसमा एक उजुरी विभाग र सिरियाको भूमि र समुद्री सीमाको प्रभारी एक सीमा सुरक्षा निकाय समावेश छ जसलाई विशेष गरी लागूपदार्थ र मानव तस्करी नेटवर्कको 'अवैध गतिविधि' को सामना गर्ने काम दिइएको छ ।

# दक्षिण भारतमा कार्गोजहाज डुब्यो, चालक दलका सबै सदस्यको सकुशल उद्धार

एएफपी

बेङ्गलोर । भारतको दक्षिणी राज्य केरलाको तटीय क्षेत्रमा एउटा कन्टेनर जहाज डुबेको भारतीय नौसेनाले आइतबार जनाएको छ ।

केही जोखिमजन्य सामान रहेको बन्दरगाह भिझिन्जमबाट शनिबार कोच्चितर्फ जाँदै गरेको थियो ।

कोचीबाट करिब ३८ नटिकल माइल दक्षिणपश्चिममा कन्टेनर जहाज खतरनाक अवस्थामा देखिएको भारतीय नौसेनाले जनाएको छ ।



दुर्घटनाग्रस्त जहाज लाइबेरियाली झण्डाबाहक जहाज हो ।

भारतीय नौसेनाका अनुसार १८४ मिटर (६०३ फिट) लामो मालवाहक जहाज (एमएससी इएलएसए ३) भारतीय तटरक्षक बल (आईसीजी) र नौसेनाको गस्ती डुङ्गाले जहाजमा रहेका जर्जिया, रुस, युक्रेन र फिलिपिन्सबाट आएका चालक दलका सबै २४ सदस्यलाई उद्धार गरेको छ । "जहाजमा ६४० वटा कन्टेनर रहेका र तीमध्ये १३ वटामा हानिकारक कार्गो थियो भने १२ वटामा क्याल्सियम कार्बाइड थियो," विज्ञप्तिमा भनिएको छ।

रक्षा मन्त्रालयले ती कन्टेनरभित्र हानिकारक कुरा के थियो भन्नेबारेकेही बताएको छैन । जहाजमा मल उत्पादन र स्टिल उत्पादनका लागि उपयोगी 'क्याल्सियम कार्बाइड' पनि थियो । क्याल्सियम कार्बाइड रासायनिक उद्योगमा प्रयोग हुने हानिकारक रसायन हो ।

"केरलाको तटमा संवेदनशील समुद्री इकोसिस्टमलाई ध्यानमा राख्दै आईसीजीले पूर्ण प्रदूषण नियन्त्रणका लागि आवश्यक तयारी गरेको छ," नौसेनाले भनेको छ ।

उक्त जहाजमा करिब ३७० टन इन्धन र तेल पनि थियो । अहिलेसम्म कुनै पनि तेल चुहिएको खबर नआएको बताइएको छ ।

## धितोमा रहेको चलअचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारे १५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः– २०८२।०२।१२)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता, कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना र धितो लिलाम बिक्री हुने बारेको ३५(पैंतीस) दिने मिति २०८१/४/२१ मा आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने ब्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित १५(पन्ध्र) दिन भित्र कर्जा चुक्ता नगरेमा बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसील

**धितो लिलाम बिक्री हुने मितिः**- २०८२ साल असार ५ गते बिहिबार ।

**सम्बन्धित कार्यालय तथा लिलाम हुने कार्यालय/स्थान** : शाखा कार्यालय ईश्वरपुर, सर्लाही ।

**ग्राहकको विवरण**

**१– फर्म/व्यक्तिको नामः श्री पचिया देवि सुडि पर्सा गा.पा.वार्ड नं.७,सर्लाही ।**

सञ्चालकको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको मिति र कार्यालय | बाबु /पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| पचिया देवि सुडि | पर्सा गा.पा.७ | ६३९/१२४९/ | २०४५।०१।१७/जिल्ला प्रशासन कार्यालय सर्लाही । | राम प्रकाश महतो | दिगपाल महतो |

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|---|
| सरल कृ.कर्जा | पचिया देवि सुडि | सर्लाही | पर्सा पछवारी | ६ | १७२,१७०,११९ | ०-३-१८.५,०-१०-७.५,०-९-३ |
| | | | | | १६८,१६९,३७९ | ०-३-१९,०-४-१,०-२-५ |

**२– फर्म/व्यक्तिको नामः– दाहा राईस मिल प्रो.संजय कुमार यादव नोकैल्वा १,सर्लाही । फर्म दर्ता नं.५१८१/१८०/०७१/७२ मिति २०७१।९।८ प्यान नं.६०२९३२४४१**

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको मिति र कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| संजय कुमार यादव | नोकैल्वा १,सर्लाही | ६५७६४८२३ | २०५६।३।२७/जिल्ला प्रशासन कार्यालय, सर्लाही | राम सुन्दर दाहा | महन्थ दाहा |

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|---|
| मिल संचालन | संजय कुमार यादव | सर्लाही | नोकैल्वा | २ ख | १३८ | ०-१६-१४ |
| | | | नोकैल्वा | २ ख | १९२ | १-०-१२ |
| | | | नोकैल्वा | २ ख | २६३ | ०-४-१६ |

**३– फर्मको नामः श्रीराम ईन्टरप्राईजेज प्रो.राम कुमार राय किसनपुर २ । फर्मको दर्ता नं.: ४८।०६३।६४ दर्ता मितिः २०६३।०८।०४ पान नं.: ३०२३६०९८३**

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरीकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| राम कुमार राय | किसनपुर २,सर्लाही । | ४९६२१६८८ | २०५९।०२।१३/जिल्ला प्रशासन कार्यालय,सर्लाही । | रास बिहारी राय | शिवधरन राय |

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|---|
| ब्यापार कर्जा | राम कुमार राय | सर्लाही | वेला | ७ क | १३० | ०-१२-१० |
| | | | | ७ ख | ४५२ | ०-६-० |

**४. फर्म/व्यक्तिको नामः राम किसुन राय, किसनपुर ३ सर्लाही ।**

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकताजारी भएको मिति र कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| राम किसुन राय | किसनपुर ०३, सर्लाही | ०८४८।ज.स १२६८८ | २०४३।०६।१२ जिल्ला प्रशासन कार्यालय सर्लाही । | रामऔतार राय | सोन्फी राय |

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|---|
| घरायसी कर्जा | राम किसुन राय | सर्लाही | वेला | ८ ख | ४७० | ०-१८-१५ |

**शर्तहरू** :

१) धितो लिलाम डाँक बढाबढ हुने तोकीएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा ३ (तीन) जना भन्दा कम ब्यक्ति/संस्थाहरुले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने ब्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १० (दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित शाखामा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तिमा ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
६) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
७) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।
८) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
९) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौं**

## यस वर्षको विपद्:
# २० लाख नागरिक प्रभावित हुने अनुमान

काठमाण्डु । यसवर्षको प्रि-मनसुन सुरु भएसँगै मनसुन भित्रिने अवस्थामा पुगेको छ। यस वर्षको मनसुनबाट मुलुकमा चार लाख ५० हजार घरका २० लाख नागरिक प्रभावित हुने अनुमान गरिएको छ।



मौसम विज्ञान विभागको पूर्वानुमानका आधारमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सबै विषयवस्तुको विश्लेषण गरी तयार पारेको प्रस्तावित मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ मा उक्त अनुमान गरिएको हो।

प्रभावितमध्ये १० प्रतिशत मानिसलाई उद्धार र राहत गर्नुपर्ने अवस्था आउनसक्ने आँकलनसहितको कार्ययोजना निर्माण गरिएको प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले राससलाई जानकारी दिनुभयो।

"हामीले अबको मनसुनमा २० लाख मानिस प्रभावित हुने आँकलन गरेका छौँ, देशका सबै प्रदेश प्रभावित हुने छन्, त्यही अनुसारका तयारी गर्न क्षेत्रगत रूपमा जिम्मेवारी समेत तोकिएको छ", उहाँले भन्नुभयो, "मौज्दात सामग्री के छ? कति थप आवश्यक पर्दछ? भन्ने सबै विषय आँकलन गरेर कार्ययोजना तयार पारेका हौँ।"

यही जेठ १४ गते बस्ने गृहमन्त्री अध्यक्ष रहेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकमा उक्त राष्ट्रिय कार्ययोजना पेस हुने जनाउँदै प्रवक्ता केसीले सोही बैठकबाट पारित भएपछि कार्यान्वयनमा जाने उल्लेख गर्नुभयो। उहाँका अनुसार केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहसम्म कार्य जिम्मेवारी तोकिएको छ।

यसपाली प्रस्तावित कार्ययोजनामा हरेक एक/एक महिनामा विपद्को अवस्थाका विषयमा अनुगमन, मूल्याङ्कन तथा समीक्षासमेत गर्ने योजना अघि सारिएको केसीले बताउनुभयो।

यसअघि नेपालमा मनसुनी आँकलन सार्वजनिक भइसकेको छ। मौसम विज्ञान विभागले सार्वजनकि गरेको आँकलनमा वर्षा र अधिकतम तथा न्यूनतम तापक्रम पनि बढी हुने जनाएको छ। सोही पूर्वानुमानका आधारमा प्राधिकरणले सबै सरोकार भएका निकायका वाला प्रतिनिधि तथा सङ्घसंस्थासँग सुझाव लिएर विपद् प्रतिकार्य राष्ट्रिय कार्ययोजना तयार पारेको हो।

जल तथा मौसम विज्ञान विभागले विभागले कर्णाली प्रदेशको पूर्वीभूभाग, लुम्बिनी प्रदेशको उत्तरी भूभाग र गण्डकी प्रदेशको अधिकांश भूभाग वर्षाबाट बढी प्रभावित हुनसक्ने उल्लेख गरेको छ।

यही जेठ १८ देखि असोज १४ गतेसम्मको चार महिनाको अवधिमा देशका अधिकांश स्थानमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना रहनुका साथै अधिकतम तापक्रम र न्यूनतम तापक्रमसमेत देशभर सरदर भन्दा बढी रहने सम्भावना रहेको विभागकी प्रवक्ता विभूति पोखरेलले जानकारी दिनुभयो। उहाँका अनुसार यस मनसुन ऋतुमा कर्णाली प्रदेशको पूर्वी भूभाग, लुम्बिनी प्रदेशको उत्तरी भूभाग र गण्डकी प्रदेशको अधिकांश भूभागमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ।

सुदूरपश्चिम प्रदेशको दक्षिणी भूभाग, लुम्बिनीको पश्चिमी भूभाग, गण्डकीको उत्तरपूर्वी भूभाग, बागमती र कोशी प्रदेशको उत्तरी भूभागमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ।

साथै मधेसका पूर्वी तथा दक्षिणी भूभागमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत र देशका बाँकी भूभागमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागले जनाएको छ। रासस

# शौचालयमा लडेर भारतीय पर्यटकको मृत्यु

भरतपुर । मनकामना दर्शन गर्न आएका एकजना भारतीय पर्यटकको शौचालयमा लडेर मृत्यु भएको छ।

इच्छाकामना गाउँपालिका-४ स्थित मनकामना केवलकारको स्टेशनमा रहेको शौचालयमा लडेर गुजरात पालनपुरका ६२ वर्षीय मन्नुप्रसाद भट्टको आज मृत्यु भएको हो।

मुग्लिनस्थित इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक प्रतीक सिंहका अनुसार शौचालयमा लडेर अचेत भेटिएका भट्टलाई



उपचारार्थ इच्छाकामना आधार भूत अस्पताल कुरिनटार ल्याउँदा चिकित्सकले उनलाई मृत घोषणा गरेका हुन्।

शव परीक्षणका लागि भरतपुर अस्पतालतर्फ लगिएको छ। रासस

---

Government of Nepal

**Ministry of Energy, Water Resources and Irrigation**

**Department of Water Resourced and Irrigation**

## Kamala River Training Project

**Dhanusha, Janakpurdham**

## Notice for Opening of Financial Proposal

**Date of Publication: 2082/02/12**

This is to notify all the concerned bidders, who have submitted their bids in response to the notice published in Naya Patrika National Daily Newspaper dated 2081/11/21 and Janakpur Today National Daily Newspaper dated 2081/11/28 for the following Construction work, Contract ID, that the technical bids of the following bidders have been found qualified as per the detailed technical evaluation criteria set forth in the bidding document.

Financial proposals of all the technically qualified bidders will be opened on the day, time and venue as mentioned below. Persuant to Sub Clause 31(Ja)5 of Public Procurement Rule 2064 (Amendment-12), all the concerned bidders are informed to attend the opening of the financial proposals.

| Contract ID/Project Name | S.N. | Name of Technically qualified bidders |
|---|---|---|
| KRTP/Dhanusha/Kathal/RB/RTW-16/2081-082 Construction of spur, launching and revetment work at Kamala right bank, Janaknandani Ga. Pa. 1&6, Kathal (0+450 to 5+000 | 1. | Ramechhap - Dev Bishnu Joint Venture, Bardibas - 8, Mahottari |
| | 2. | Prime Company Pvt Ltd, Tarkeswar, Kathmandu |
| KRTP/Siraha/Nirdana/LB/RTW-17/2081-082 Embankment strengthening and Upgrading with Launching & Revetment work at Kamala River Left Bank, Kalyanpur Na.Pa. 5, Nirdana, Siraha (From Ch. 21+830 to 21+300). | 1. | Ruby construction, Malangwa, Sarlahi |
| | 2. | Balaji Nirman Sewa, Siraha Na.Pa.-1, Siraha |
| | 3. | Gautam shree Brothers construction pvt.ltd, kathmandu-21 bhotebahal |
| | 4. | Prime Company Pvt Ltd, Tarkeswar, Kathmandu |
| KRTP/Sindhuli/Thali-Pachrukhi/LB/RTW-18/2081-082 Construction of Embankment with Revetment & Launching at Dudhauli Na.Pa.-10 , Thali Chauri,Kamala River/LB, Sindhuli and Dudhauli Na.Pa.-4, Pachrukhi, Kamal River/LB, Sindhuli. | 1. | Pashupati Nirma Sewa Pvt. Ltd, Dipendranagar-10, Bharatpur |
| | 2. | Prime Company Pvt Ltd, Tarkeswar, Kathmandu |
| KRTP/Sindhuli/Basaniya-Charghare/RTW-19/2081-082 Construction of Embankment with Revetment & Launching at Dudhauli-2, Khila Basaniya, Kamal River/LB, Sindhuli and Dudhauli Na.Pa.- 3 , Charghare GautamTole, Kamal River/RB, Sindhuli. | 1. | Siddhakali nirman sewa, Manthali 2 Ramechhap |
| | 2. | Pashupati Nirma Sewa Pvt. Ltd, Dipendranagar-10, Bharatpur |
| | 3. | Prime Company Pvt Ltd, Tarkeswar, Kathmandu |
| KRTP/Dhanusha/Madan/RB/RTW-20/2081-082 Construction of Spur, Launching,Slope, Ramp and Vertical Revetment work at Kamala Na. Pa. 6, Madan, Dhanusha | 1. | Ruby construction, Malangwa-1, Sarlahi |
| | 2. | Balaji Nirman Sewa, Siraha Na.Pa.-1, Siraha |
| | 3. | Chamunda-Medanta J.V., Kageshwari Manohara, Kathmandu |
| | 4. | Rakesh-Maa Gayatri JV, Auraiya-08 Rautahat |
| | 5. | Pushpahem-Kushal-Shankha J/V, Rampur-10, Palpa |
| KRTP/Siraha/Bhediya/LB/RTW-21/2081-082 Construction of Spur and Gravelling Works at Kalyanpur Na.Pa. 7, Bhediya, Siraha. | 1. | Ruby construction, Malangwa-1, Sarlahi |
| | 2. | Chamunda-Medanta J.V., Kageshwori Manohara, Kathmandu |
| | 3. | Rakesh-Maa Gayatri JV, Auraiya-08 Rautahat |
| | 4. | Jawahar-Aaryan-Suraj Joint Venture, karjanha-5, Siraha |
| | 5. | Balaji Nirman Sewa, Siraha Na.Pa.-1, Siraha |
| | 6. | Gautam shree Brothers construction pvt.ltd, kathmandu-21 bhotebahal |
| KRTP/Sindhuli/Jyudahi-Marghati/RTW-22/2081-082 Construction of Embankment with Revetment & Launching at Dudhauli-1, Jyudahi-Tallo Bhaluwahi, Kamala River/RB, Dudhauli-11, Marghatti, Kamala River/RB, Dudhauli-9, Tandi, Kamala River/LB, Dudhauli-3, Neupane Bhattarai Tole, Kamala River/RB, Sindhuli. | 1. | Prime Company Pvt Ltd, Tarkeswar, Kathmandu |
| | 2. | Siddhakali nirman sewa, Manthali 2 Ramechhap |
| | 3. | Aaryan Construction Multipurpose, Katari Municipality-3, Udaypur |

**Opening of Financial Proposals :-**

**Date:** 2082/02/18, **Time :** 13:00 hrs. **Venue:** Kamala River Training Project, Dhanusha, Janakpurdham

**Project Cheif**

---

## सखुवानन्कारकट्टी गाउँपालिका
### गाउँ कार्यापालिकाको कार्यालय
### सखुवानन्कारकट्टी, सिरहा
**मधेश प्रदेश, नेपाल**

## औषधि खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**सूचना नं ०२ H /०८१/०८२**

**प्रथम पटक प्रकाशित मिति : २०८२।०२।१२**

यस गाउँपालिकाको लागी चालु आ.व. २०८१/०८२ को स्विकृत वार्षिक कार्यक्रम अनुसार आधारभुत तथा आकस्मिक सेवाको लागी औषधी खरिद सम्बन्धी सिलबन्दी दरभाउको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही यो सूचना सम्बन्धित फर्म, संस्था वा कम्पनीको जानकारीको लागी प्रकाशित गरिएको छ।

**तपसिल**

१. यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध) औ दिन भित्र रु. १०००।- अक्षरेपी रु एक हजार मात्र (पछि फिर्ता नहुने गरी) यस गाउँपालिकाको एन.एम.बी बैंक सखुवान शाखा सिरहामा राजश्व खाता न. ११०००८५११७५००१९९ मा तिरी दरभाउपत्र खरिद गर्न सकिनेछ।
२. इच्छुक फर्म, सँस्था वा कम्पनीले दरभाउपत्र खरिद गर्दा आ.व. २०८१/८२ का लागी नवीकरण गरिएको फर्म, सँस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, औषधी व्यबसाय प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्वर प्रमाणपत्र तथा आन्तरिक राजस्व विभाग वा कार्यालयवाट आ.व. २०८०/८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपीहरु निवेदन साथ पेश गर्नु पर्नेछ।
३. दरभाउपत्र आह्वानको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनमा सिलबन्दी दरभाउपत्र यस कार्यालयमा दिनको १२:०० बजेभित्र दाखिला गरिसक्नु पर्नेछ।
४. सिलवन्दी दरभाउपत्र फारम दर्ता भएको अन्तिम दिनको २:०० वजे कार्यालयका प्रतिनिधीहरु र दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधीको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न सकिनेछ।
५. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने र खोल्ने दिन विदा पर्न गएमा उक्त कार्यहरु सोको भोलीपल्ट हुनेछ।
६. दरभाउपत्र दाखिला गर्दा दरभाउपत्र जमानत वापत दरभाउपत्र साथ रु २८,३००।०० अक्षरेपी रु अठाईस हजार तिन सय रुपैयाँ बराबरको सखुवानन्कारकट्टी गाउँपालिका सिरहाको एन.एम.बी बैंक सखुवान शाखाको बैंक खाता न. ११०००८५११७५००१४४ धरौटी खातामा नगद जम्मा गरेको सक्कलै भौचर वा नेपाल भित्रको क बर्गको कुनै वाणिज्य बैंकले जारी गरेको कम्तिमा ९० दिन (दाखिला गर्ने दिन देखी) को मान्य अवधि भएको शर्तरहित वैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ।
७. दरभाउपत्र दाखिला गर्दा फर्म, सँस्था वा कम्पनीले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नवाभिएको तथा औषधी व्यवसाय सम्बन्धी पेशा वा व्यवसायको कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र बोलपत्र सम्बन्धी कागजात संग सिलवन्दी गरी पेश गर्नु पर्नेछ। उल्लेखित कागजातहरु पेस नगर्ने दरभाउपत्रदाताको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।
८. एक फर्मको नामबाट खरिद गरेको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता हुने छैन।
९. दरभाउपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर वाहेकको दर रेट पेश गर्नु पर्नेछ। दर रेट भर्दा औषधिको MRP भन्दा ननाघ्ने गरी भर्नुपर्नेछ।
१०. दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउदा कवोल अंकको थप २.५% ले हुन आउने रकम माथि उल्लेखित खातामा नगद जम्मा गरेको बैक भौचर वा बैंक जमानत पेश गर्नु पर्नेछ।
११. गाउँपालिकामा आपुर्ति गरिने औषधी तथा सर्जिकल सामानमा लाग्ने ढुवानी खर्च तथा सम्पूर्ण करहरु दरभाउपत्र दाताले नै वेहोर्नु पर्ने छ।
१२. औषधी दाखिला हुन आउदा सम्म औषधीको म्याद १८ महिना भन्दा वढीको हुनु पर्नेछ तर कुनै औषधीको म्याद १८ महिना भन्दा कम हुने अवस्थामा Expiry Date को ८०% म्याद बाकी हुदा दाखिला गर्न सकिनेछ। सो भन्दा कम अवधिको औषधी स्वीकार्य हुने छैन।
१३. सम्पूर्ण औषधीहरु WHO GMPCertified तथा सर्जिकल सामानहरु ISO Certified कम्पनीहरुवाट उत्पादित सामानहरु मात्र खरिद हुनेछ।
१४. बोलपत्र दाताले कवोल गरेको दररेट अंक र अक्षर दुबैमा र नेपाली मुद्रामा प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेट लाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा अधिकारीक व्यक्तिको हस्ताक्षर हुनु पर्नेछ।
१५. रित नपुगेको म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको सिलवन्दी दरभाउपत्र माथी कुनै कारवाही हुने छैन।
१६. दरभाउपत्र स्वीकृत गर्दा प्याकेजको रुपमा वा आइटमवाइज बोलकबोल अँक मध्ये न्युनतम मुल्यका आधारमा स्वीकृत गरिनेछ। साथै दरभाउपत्रदाताले दरभाउपत्रमा उल्लेखित सम्पुर्ण आइटमहरुको दररेट उल्लेख गर्नु पर्नेछ। आँशिक वा अधिकाँश आइटमहरुको दररेट उल्लेख भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
१७. सुइ ,धुलो तथा झोल औषधीहरु बाहेक अन्य औषधीहरु स्ट्रिपमा आपुर्ति गर्नु पर्नेछ।
१८. प्राप्त हुन आएका दरभाउपत्र पूर्णरुपमा स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा नै सुरक्षित रहने छ। साथै औषधी तथा सर्जिकल सामानहरु गाउँपालिकाको आबश्यकता अनुसार खरिद हुनेछ।
१९. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियम वमोजिम हुनेछ।
२०. यस सम्वन्धमा केही कुरा वुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ।
२१. आफुले सप्लाई गर्ने प्रत्येक औषधीमा यो औधषी निशुल्क वितरणको लागि वा यो औधषी /सामान बिक्रीको लागि होईन भन्नी प्याकिंगमा उल्लेख भएकोहुनुपर्ने छ।

| क्र. सं. | विवरण | दरभाउपत्र फारम दस्तुर | लगत अनुमान अंक | धरौटी रकम | खरीद गर्ने अन्तिम मीत | दर्ता गर्ने अन्तिम मिती | खोल्ने मिती |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तथा आकस्मिक सेवाको लागी औषधी खरिद | १०००।०० | ११,३२०००।०० | २८,३००।- | २०८२।०२।२६ गते दिनको ४ बजे सम्म | २०८२।०२।२७ गते दिनको १२ बजे सम्म | २०८२।०२।२७ गते दिनको २ बजे |

**प्रमुख प्रशासकीय अधिकृत**

# आज 'वट सावित्री' पर्व



**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिलाञ्चलमा सोमबार पतिको अटल सौभाग्यको कामना गर्दै मैथिलानीहरुले वट सावित्री पर्व मनाइरहेकी छन् ।

पतिको दीर्घायुको कामना गर्दै नवविवाहिता र विवाहित मैथिलानीले प्रत्येक वर्ष मनाइने वट सावित्री पर्वका लागि महोत्तरीसहित सम्पूर्ण मिथिलाञ्चलका मैथिलानीहरुले सम्पूर्ण तयारी पूरा गरिसकेकी छन् ।

आइतबार आ-आफ्नो गाउँठाउँको हाट बजारमा रातो, पहेँलो तथा रङ्गीचङ्गी नयाँ वस्त्र, चुरा पोते, टिका, बिन्दी तथा मेहन्दी किनमेल गर्न व्यस्त देखिएका छन् । पर्वकै लागि अनिवार्य वस्तु बाँसको चोयाबाट निर्मित पंखा र डालो किनमेल गर्नमा व्यस्त छिन् ।

पतिको दीर्घायुको कामना र दाम्पत्य जीवनको सुख समृद्धिका लागि महोत्तरीलगायत तराई, मधेशका महिलाले सोमबार वट सावित्री पर्व मनाउने जलेश्वर नगरपालिका- १ मा अवस्थित बाबा जलेश्वरनाथ महादेवका मुख्य पूजारी उपेन्द्र पाठकले बताए ।

सो पर्वका दिन बिहानै नुवाइधुवाइ गरी रातो, पहेँलो पहिरनमा नजिकको वर (वट)को रूखमुनि बसेर नवविवाहितले आफ्ना पतिका साथ पूजा गर्दछन् ।

उपलब्ध भए वर र पीपल दुवैसँगै भएको ठाउँमा वा नभए वरको रूखमुनि पीपलको हाँगा गाडेर भए पनि वर र पीपल दुवैको उपस्थितिमा पति र धर्मपत्नी मिलेर पूजा गरिन्छ ।

# स्थानीय तहको सम्पूर्ण योजना दलालको गोजीमा रहेको टिप्पणी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा पहिलोपटक राष्ट्रियसभा सदस्यहरुले आफ्ना मतदाताहरुको गुनासो सुन्दै संघीयतासहितका बारे साक्षात्कार गरेका छन् ।

जनकपुरधाममा आइतबार सातवटै प्रदेशमा पुगेका सम्बन्धित प्रदेशबाट निर्वाचित राष्ट्रियसभा सदस्यहरुले स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरुसँग भेटघाट गरी गुनासो सुन्ने र अहिलेको शासन अवस्थासम्बन्धी कार्यहरुबारे छलफल गरेका छन् । सोमबार प्रदेश सभासदस्यहरुसंग भेटघाट गर्ने योजना रहेको जनाइएको छ ।

'संघीयता सबलीकरणमा राष्ट्रियसभाको जिम्मेवारी, प्रदेश र स्थानीय तहसँग समन्वय र साझेदारी' नाराका साथ सातवटै प्रदेशमा शुरु गरिएको समन्वय बैठकको पहिलो दिन स्थानीय तहका प्रमुख एवम् उपप्रमुखहरुले सुझावसंगै गुनासाहरुसमेत छलफल गरेका थिए ।

मधेश प्रदेशका लागि आयोजित समन्वय बैठकमा राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने आठ जना मध्ये सात जना राष्ट्रियसभा सदस्यहरु सहभागी भएका थिए । नेपाली कांग्रेसबाट निर्वाचित राष्ट्रियसभा सदस्य आनन्द ढुंगानाको अध्यक्षतामा बसेको बैठकमा जसपाका मोहम्मद खालिद र पूजा चौधरी, नेकपा माओवादी केन्द्रका उर्मिला अर्याल र राधेश्याम पासमान,



नेकपा एमालेबाट निर्वाचित तुलसा दाहाल र लोसपा नेपालका शेखर कुमार सिंह सहभागी थिए । जसपा नेपालका मृगेन्द्र सिंह यादव भने स्वास्थ्य समस्याको कारण आउन नसकेको आयोजकले जनाएको छ ।

बौद्धीमाई नगरपालिकाका प्रमुख प्रदीप यादवले वर्तमान अवस्था कायम रहेमा देशमा संघीयताको भविष्य नरहेको टिप्पणी गरे । उनले भने, 'अबका केही दिनसम्म यस्तै अवस्था रहयो भने नेपालमा संघीय व्यवस्थाको आयु समाप्त हुनेछ ।' आफू संघीयताको लागि निर्मम संघर्ष गरेको उल्लेख गर्दै उनले प्रदेश सरकारका मन्त्रीहरुको रबैयाको कारण संघीयता धरापमा परेको आरोप लगाए । स्थानीय तहका सम्पूर्ण योजनाहरु दलालको कब्जामा रहेकाले सम्बन्धित निकायसम्म पुग्न नसक्दा स्थानीय तह अन्योलमा रहेको उनको भनाइ छ ।

त्यस्तै लक्ष्मीनियाँ गाउँपालिका अध्यक्ष भोगेन्द्र मिश्रले प्रादेशिक संरचनामाथि नै प्रश्नचिन्ह खडा गरे । स्थानीय तहका अन्य जनप्रतिनिधिहरुमध्ये अधिकांशले मधेश प्रदेश सरकार भ्रष्टाचारमा चुर्लुम्म डुबेको आरोप पनि लगाए ।

लक्ष्मीनियाँ गाउँपालिका अध्यक्ष मिश्रले प्रादेशिक संरचना हटाइदिएर संघ र स्थानीय सरकारलाई थप बलियो बनाउनुपर्ने बताए । प्रदेश सरकारको कामले जनतामा संघीय व्यवस्थाप्रति नकारात्मक धारणाको विकास भइरहेको जिकिर गर्दै उनले प्रदेशको संरचना नै हटाइदिन पहलका लागि राष्ट्रियसभा सदस्यहरुसँग आग्रह गरे ।

नगराइन नगरपालिका मेयर विनयकुमार यादवले अन्य ६ प्रदेशमा एकथरी र मधेश प्रदेशमा अर्कैथरिको कानुनको अभ्यास भइरहेको प्रति चिन्ताव्यक्त गरे ।

दुर्गाभगवतीगाउँपालिकाअध्यक्षशम्भु सिंहले प्रदेशसभा सदस्य तथा मन्त्रीहरुले जनताले तिरेको कर दुरुपयोग गरिरहेको आरोप लगाए । समुदायको उपस्थिति नै नहुने ठाउँमा सामुदायिक भवन बनाउने प्रदेशका मन्त्री तथा सांसदहरुलाई सचेत गराइदिन राष्ट्रियसभा सदस्यलाई ध्यानाकर्षण गराएका थिए ।

अग्निसाइर कृष्ण शवरण गाउँपालिकाका उपाध्यक्ष कल्पना चौधरीले महालेखा नियन्त्रकको कार्यालयदेखि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेत आर्थिक चलखेलमा लागेको आरोप लगाइन् । क्षीरेश्वरनाथ नगरपालिका उपमेयर रचना श्रेष्ठमाथेमालेआफूलाईन्यायिकसमितिको प्रमुख बनाउने संवैधानिक व्यवस्था विरुद्ध मेयर र प्रमुख प्रशासकीय अधिकृतको हर्कतले तनाव झेल्नु परेको गुनासो गरिन् । उनले केन्द्रबाटै बजेट सहित कर्मचारी स्थानीय समितिका लागि पठाउने व्यवस्था मिलाइदिन हुन आफ्ना प्रतिनिधिको रुपमा रहेका राष्ट्रियसभा सदस्यहरु समक्ष बताइन् ।

मिथिला नगरपालिका उपमेयर सुनिता सिंह बुढाथोकीले पालिका मेयरको दादागिरीले स्थानीय सरकार सञ्चालन सहज हुन नसकिरहेको अनुभव सुनाइन् । शहीदनगर नगरपालिका उपमेयर सुनिता सिंहले उपको अर्थ चुप सम्झिनेहरुलाई चुनौती दिइन् । उनले भनिन्, 'हामी उप हौँ, चुप होइन । हाम्रो अस्तित्व स्वीकार्न नसक्ने हो भने हाम्रो पद र जिम्मेवारी पनि बहन गर्न तयार हुनुहोस् हाम्रो चुनौती छ ।'

कार्यक्रमको अध्यक्षता गरेका राष्ट्रियसभा सदस्य ढुंगानाले संविधान कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन निर्माणको क्रममा आइपर्ने समस्याहरुको समाधान खोज्न तथा सरकार सञ्चालनका लागि सहजीकरणका लागि आफूहरु जिम्मेवार रहेको बताए ।

पूर्वमन्त्रीसमेत रहेका राष्ट्रियसभा सदस्य ढुंगानाले संघीय सरकार तथा प्रदेश सरकारसँग उचित समन्वय र सहकार्यको माध्यमबाट अघि बढ्न आग्रह गरे ।

अंशुको हत्या प्रकरणः

# हत्यारालाई पक्राउको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । अंशु यादव हत्यामा संलग्नहरूलाई पक्राउ नगरेको भन्दै लैंगिक तथा यौनिक अल्पसंख्यकले जनकपुरधाममा प्रदर्शन गरेका छन् ।



जनकपुरधाममा आइतबार प्रदर्शनकारीहरु बजरंग चोकमा भेला भई रामानन्द चौक हुँदै जिल्ला प्रशासन कार्यालय अगाडि प्रदर्शन गरेका छन् ।

जनकपुरधामउपमहानगरपालिका-२३ स्थित बिन्धीका १७ वर्षीय अंशु यादवको हत्यामा संलग्नहरूलाई पक्राउ गर्न उनीहरू आइतबार प्रदर्शनमा उत्रेका छन् ।

गत चैत १७ गते होलीका दिन अंशुलाई छुरा प्रहार गरी हत्या गरेको थियो । धनुषा प्रहरीले घटना स्थलबाटै उनको हत्या आरोपमा स्थानीय धर्मेन्द्र महतोलाई पक्राउ गरेका थिए । उनलाई जिल्ला अदालत धनुषाले पुर्पक्षका लागि कारागार पठाइएको छ । हत्यामा संलग्न रहेको आरोप पक्राउ परेका अर्का एक स्थानीय ४५ वर्षीय राम दहिना महतोलाई छाडिसकेको छ ।

मृतकका आमा अर्चना यादव र उनकी दुई नाबालिक बहिनी पनि प्रदर्शनमा सहभागी थिइन् । प्रशासन कार्यालय अगाडि प्रदर्शन गरिरहेकाहरूलाई छलफलका लागि भित्र बोलाएर दुई जनालाई पक्राउ परिसकेको र अन्यको खोजी भइरहेको धनुषा प्रमुख जिल्ला अधिकारीको उद्धृत गर्दै मृतकका आमा अर्चनाले भनिन्, 'हामीलाई भित्र बोलाएर सिडियो साहबले भने, तपाईको छोराको हत्या आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरे पनि एक जना अदालतले छाडिसकेका छन् । अब त्यसमा हामीले केही गर्न सकिँदैनौं, तपाईहरू उच्च अदालत जानुस् ।'

धनुषा प्रमुख जिल्ला अधिकारीको जवाफपछि उनीहरू धनुषा जिल्ला अदालत अगाडि जान्न खोजेका थिए । तर उनीहरूलाई धनुषा प्रहरीले अदालत अगाडि जान नदिएपछि उनीहरू बाटोमै बसेर विरोध प्रदर्शन गरेका थिए ।

यसअघि रामानन्द चौकमा बाटो जाम गरी प्रदर्शन गरेका थिए । प्रदर्शनका क्रममा एक घण्टादेखि जनकपुर-ढल्केवर सडक अन्तर्गत रामानन्द चौकमा एक दर्जन सवारी साधनमा तोडफोड गरेका थिए ।

यसअघि पनि दुई पटक मृतक अंशुकी आमासहित स्थानीयले बिन्धीस्थित जनकपुर९ जलेश्वर सडक खण्ड जाम गरेर प्रदर्शन गरेका थिए ।

अंशुकी आमा अर्चना यादवले सात जना मिलेर छोरालाई हत्या गरेको भन्दै प्रहरीमा जाहेरी दिएकी छन् । तर धनुषा प्रहरीले सो मुद्दामा दुई जनालाई पक्राउ गरेको छ भने अन्य ५ जना आरोपी फरार छन् ।

# अनुसन्धानको क्रममा मध्य पाषण युगको हतियार फेला

**टुडे समाचारदाता**

बर्दिवास । महोत्तरीको बर्दिबास नगरपालिका-३ स्थित पाटु, राई मण्डल क्षेत्रमा पुरातात्विक अध्ययन थालिएको जनाइएको छ । प्राचीन मानव इतिहासमा प्रयोग भएका हतियार (ढुंगे औजारहरू) सो क्षेत्रमा रहेको तथ्य फेला परेसँगै उक्त क्षेत्रको महत्वलाई थप उजागर गर्न नगरपालिकाले अनुसन्धान शुरु गरेको छ ।



पुरातत्व विभागका विज्ञहरूको टोलीले शनिबारबाट सो पाटु राई मण्डल क्षेत्रको अनुसन्धान थालेको नगरपालिकाका संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिका सदस्य सचिव दिपेश काफ्लेले जनाए ।

बर्दिबासमा पुरातात्विक पर्यटन प्रवर्द्धन गर्ने र ऐतिहासिक तथा पुरातात्विक सम्पदाको संरक्षण गर्ने उद्देश्यले विज्ञहरूको टोलीलाई अध्ययन गर्न नगरपालिकाले समन्वय गरिरहेको उनले बताए । पुरातत्वविद् भास्कर ज्ञवाली र डा. मञ्जील हजारीको नेतृत्वको टोली अहिले बर्दिबास-३ स्थित पाटु, रातु र राई मण्डल क्षेत्रमा मध्य पाषण युगका ढुंगे औजारहरू संकलन तथा अध्ययन गरिरहेको छ ।

अबको करिब १० दिन सो क्षेत्र र प्राप्त औजारहरूको अवलोकन, अध्ययन र अनुसन्धान गरिने भास्कर ज्ञवालीले बताए । उनले धेरै अनुसन्धानकर्ताहरूले उक्त क्षेत्रको अध्ययन अनुसन्धान गरी प्रतिवेदन, किताब प्रकाशन गरिसकेका र उक्त क्षेत्रका ढुंगे औजारहरू पुरातत्व विभागको प्रदर्शनीमा समेत राखिएकाले उक्त क्षेत्रको थप विस्तृत अध्ययन थालिएको बताए ।

जर्मन अनुसन्धानकर्ता गुडन कार्विन्सले १९८० को दशकमा तराईका विभिन्न भूभागहरूमा मानव सभ्यताको अध्ययन गरी 'प्रि हिस्टोरिक कल्चर्स इन नेपाल' नामक किताब प्रकाशन गरेर महोत्तरीको पाटु राई मण्डल क्षेत्रलाई मध्य पाषण युगको हतियार निर्माण हुने स्थल भनेर चिनाएकी छन् ।

उनीसँगै विभिन्न अध्ययनकर्ताहरूको प्रतिवेदनले पाटु र राई मण्डल क्षेत्रलाई बर्दिबास नगरपालिकाको ऐतिहासिक तथा पुरातात्त्विक र पर्यटकीय दृष्टिले विशेष महत्वको ठाउँ भनेर परिभाषित गरेको छ ।

विगत केही वर्षदेखि सो क्षेत्रको महत्वबारे चर्चा शुरु भएको छ ।

फोहोर व्यवस्थापन गरौं र गराऔं ।

- जथाभावी फोहोर नफालौं,
- कुहिने र नकुहिने फोहोरलाई छुट्याएर अलग-अलग राखौं,
- घरायसी फोहोर कम गरौं,
- पुनः प्रयोग गर्न सकिने फोहोरको व्यवस्थापन गरौ,
- जैविक फोहोरबाट प्राङ्गारीक मल उत्पादन गरौं,
- तोकिएको समय र स्थानमा मात्र फोहोर फालौं,
- प्लास्टिक, कागज, काँचजस्ता पुनः प्रयोग हुने वस्तुहरुको छुट्टै संकलन गरौं,

फोहोर नजलाऔं, फोहोरको समुचित व्यवस्थापन गरौं र वातावरण जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

आवश्यकता

जनकपुरधाममा संचालित अति सुविधा सम्पन्न होटल अंजनी सुइट प्रा.लि.का लागि तपसिल बमोजिमको कर्मचारीहरु आवश्यक परेको इच्छुक तथा योग्य उम्मेदवारहरुले ७ (सात) दिन भित्र आफ्नो बायोडाटा सहित सम्पर्क गर्नु हुन अनुरोध छ ।

| सि. नं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | मेनेजर | १ (एक) | स्नातक उत्तीर्ण गरी कम्प्युर सम्बन्धी ज्ञान भएको तथा अंग्रेजी बोल्न सक्ने |
| २ | रिसेप्शनिस्ट (महिला) | १ (एक) | |

नोट : अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।
तलब सुविधा : आकर्षक




सम्पर्क नं. : ९८५४०२६०२५, ९८०११२७४९१
email: anjanisuite@gmail.com




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८